## परिच्छेद एक

### अध्ययन परिचय

### १.१ अध्ययन–पत्रको शीर्षक

प्रस्तुत अध्ययन पत्रको शीर्षक 'दोलखा जिल्ला नाम्दु गा वि स मा प्रचलित तिजगीतको अध्ययन' रहेको छ ।

### १.२ विषय परिचय

प्रस्तुत अध्ययन पत्रको विषय तिजको गीत रहेको छ । तिज भनेको सम्पूर्ण हिन्दु धर्मावलम्बी महिलाहरूले मनाउने एक महान पर्व हो । विवाहित महिलाहरू आफ्नो पतिको दीर्घायुको कामना गर्छन भने अविवाहित महिलाहरूले पनि राम्रो पतिको कामना गर्दै भाद्र शुक्ल तृतीयाको दिन तिजको व्रत बस्ने गर्दछन् । तिजका अवसरमा नारीहरूद्वारा गाइने गीतलाई तिजको गीत भनिन्छ । दर खानु भन्दा दुइ चार दिनदेखि नै तिज गीत गाउन आरम्भ गरे पनि विशेष गरेर दर खाने दिन र व्रत बस्ने दिन नारीहरू बढी मात्रामा तिजको गीत गाउँछन् ।

### १.३ अध्ययन पत्रको प्रयोजन

प्रस्तुत अध्ययन–पत्र त्रि.वि अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र अध्ययन शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्र (पूर्णाङ्क १००) प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.४ समस्याकथन

नेपाली लोक साहित्य अन्तर्गत दोलखा नाम्दु गाविसमा प्रचलित तिजका गीतको अध्ययन गर्दा निम्न लिखित समस्यालाई केन्द्रबिन्दु बनाइएको छ :

क) दोलखा नाम्दु गाविसमा तिजका गीतहरू के कस्ता विषयसँग सम्बन्धित छन् ?

ख) दोलखा नाम्दु गाविसमा प्रचलित तिजका गीतको  स्वरूप कस्तो छ ?

ग) दोलखा नाम्दु गाविसमा प्रचलित तिजका गीतको संरचना कस्तो छ ?

## १.५ शोधको उद्देश्य

**प्रस्तुत शोधमा निम्नानुसारका उद्देश्यहरू राखिएको छ ।**

क) दोलखा नाम्दु गाविसमा प्रचलित विभिन्न विषयसँग सम्बन्धित तिजका गीतहरूको सङ्कलन र चिनारी  गर्ने ।

ख) दोलखा नाम्दु गाविसमा प्रचलित गीतहरूको स्वरूप निर्धारण गर्ने ।

ग) दोलखा नाम्दु गाविसमा प्रचलित तिजगीतको व्याख्या र विश्लेषण गर्ने ।

यिनै उद्देश्य पूरा गर्ने लक्ष्य अनुरूप प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

**नेपाली लोकगीत र तिजे गीतहरूको अध्ययनमा निम्नानुसारका कार्यहरू सम्पन्न भएको देखिन्छ ।**

क) धर्मराज थापा र हंसपुरे सुवेदीले ‘नेपाली लोकसाहित्यको विवेचना’ (२०४१) मा तिजको गीतलाई नारीहरूको दुःख, पीडा, चिन्ता, व्यथा र वेदनाको सुसेली, सुस्केराको रूपमा लिएका छन् र भाषा जनजीवनको भावना अनुसार पूर्वदेखि पश्चिमसम्म फरक -फरक रहेको कुराको उल्लेख गरेका छन् ।

ख) तुलसीमान श्रेष्ठले ‘गोर्खाली लोकसाहित्यको एक अध्ययन’ (२०४९) मा तिजको गीत भनेको हिन्दू नारीहरूद्वारा लयात्मकता, सरलता, सरसता र भित्री मनलाई च्वास्स छोएर प्रभाव पार्ने खालका अरूलाई समेत प्रभावोत्पादकता, मर्मस्पर्श पार्ने खालका विशेषता रहेको कुरामाथि प्रकाश पारेका छन्।

ग) कृष्णप्रसाद पराजुलीले 'नेपाली लोक गीतको आलोक' (२०५१) मा तिजको गीत भनेको नारीको इच्छा, आकाङ्क्षा अभिव्यक्त हुनाका साथै सामाजिक प्रगति परिवर्तनका चाहना समेत प्रतिबिम्बित हुँदै आएको कुरा उल्लेख गरेका छन् ।

घ) चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य (२०५८) मा भनेका छन्  तिजका अवसरमा नारीहरूद्वारा गाइने गीत जसमा नारीहरूको हर्ष, खुसी, आनन्द, उमङ्ग, व्यथा र मर्महरूलाई व्यक्त गरिएको हुन्छ । यसका साथसाथै यी गीतहरूमा वालविवाह, अनमेल विवाहले ल्याएका समस्याहरू, लोग्नेद्वारा घृणित र अपमानित  भएर बस्नुपर्ने बाध्यता, सासूको प्रत्ताडना र थिचोमिचोले जन्माएका पीडाहरू संस्कारगत र सामाजिक विधिले दिएको दुःख र दर्दलाई अभिव्यक्त गरिएको हुन्छ ।

ङ) मोहनराज शर्मा र खगेन्द्र लुईंटेलले 'लोकवार्ता विज्ञान र लोकसाहित्य (२०६३) मा तिजको मुख्य विषयवस्तु नेपाली हिन्दू धर्मावलम्बी नारी, चेलीबेटीको पीडा, आँसु, उत्पीडन, दुःख, हर्ष, बिस्मात् र सुस्केरा हुन्छ भनेर उल्लेख गरेका छन् ।

लोकसाहित्यको चर्चा गर्ने क्रममा सैद्धान्तिक रूपमा मात्र तिजगीतको परिचय दिइएको पाइन्छ । तिजको अध्ययनमा दोलखा नाम्दु गाविसमा प्रचलित तिजगीतको बारेमा कुनै चर्चा भएको पाईंदैन । त्यसैले त्यस ठाउँमा प्रचलित तिजका गीतको विषयमा चर्चा र विश्लेषण गरिएको छ ।

### १.७ शोधकार्यको औचित्य

यस क्षेत्रको तिजका गीतको अध्ययन एवं विश्लेषण गरी यहाँको रीतिस्थिति, धर्म संस्कृति, रहनसहन, चालचलन, भेषभूषा र सामाजिक गतिविधिका बारेमा जानकारी राख्न खोज्नेहरूलाई यो कार्यले लाभ पुऱ्याउनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपाली लोकसाहित्यका क्षेत्रमा तिजका गीतको क्षेत्र व्यापक भए तापनि यस अध्ययन पत्रमा नेपालको जनकपुर अञ्चल दोलखा जिल्लाभित्र रहेको नाम्दु गाविसमा प्रचलित नेपाली भाषामा गाइने तिजका गीतको मात्र अध्ययन गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनका निमित्त सामग्री सङ्ककलन गर्दा क्षेत्रीय, स्थलगत अध्ययन् अनुसन्धान विधि, अन्तर्वार्ता विधि र पुस्तकालयको उपयोग गरिएको छ । सामग्री सङ्कलन गर्ने क्रममा सम्बन्धित क्षेत्रमा गई त्यहाँका स्थानीय वासिन्दाहरूसँग प्रत्यक्ष सहभागी भएर आवश्यकता अनुसार सम्बन्धित गीतका गायकहरूबाट गायन विधिद्वारा र टेपरेकर्डरको सहायताले गीतहरू संकलन गर्ने काम क्षेत्रीय अनुसन्धान विधि अनुसार गरिएको छ । संकलित गीतको अध्ययन विश्लेषणका लागि सम्बन्धित तिजका गीत विशेषज्ञ विद्वान्का भनाइलाई उद्धृत गरी पुस्तक र पत्रपत्रिकाको माध्यमबाट पुस्तकालयको प्रयोग गरी विश्लेषण गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधविधि पत्र तयार पार्दा सङ्कलित सामग्रीलाई विभिन्न किसिमले विश्लेषण गर्ने प्रयास गरिएको छ । यस शोध-पत्रमा वर्णनात्मक शोधविधिको प्रयोग गरिएको छ ।

## १.११ अध्ययन पत्रको रूपरेखा

प्रस्तुत अध्ययन पत्रलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्न लिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

क) परिच्छेद एक : अध्ययन-पत्रको परिचय ।

ख) परिच्छेद दुई : लोकगीतको सिद्धान्त

ग) परिच्छेद तीन : तिजको गीतको सैद्धान्तिक परिचय ।

घ) परिच्छेद चार : नाम्दु गाविसमा प्रचलित तिजका गीतको सङ्कलन ।

ङ) परिच्छेद पाँच : नाम्दु गाविसको तिजगीतको विश्लेषण ।

छ) परिच्छेद छ : उपसंहार ।

# परिच्छेद दुई

## २.लोकगीतको सिद्धान्त

लोकगीत लोकसाहित्यभित्र पर्ने अन्य विधाहरुमध्ये सबैभन्दा व्यापक र सर्वाधिक **महत्त्वपूर्ण** विधा हो । लोकगीत लोकको हरेक पक्ष र अवसरसँग व्याप्त छ । कुनै पनि समुदाय राष्ट्र र व्यक्ति लोकगीतबाट प्रभावित भएकै हुन्छ । लोकगीत परम्परागत तर परिवर्तित वस्तु हो । लोकगीतको रचनाकार र रचनाकाल यो नै हो भनेर किटान गर्न सकिँदैन । लोकगीत आरम्भिक कालदेखि वर्तमानसम्म गाइँदै आउँदा यसमा के कस्ता भाषिक, साङ्गितिक, प्रस्तुतिगत र भावगत परिवर्तन भए सो बारे निश्चित गर्न सकिदैन ।

कुनै पनि कृतिको रचना कुनै न कुनै व्यक्ति समुदाय वा समूहबाट हुन्छ । लोकगीत पनि साझा र सामूहिक अभिव्यक्तिको रूपमा परिचित छ अर्थात सामूहिकता यसको महत्त्वपूर्ण लक्षण हो, तर यस आधारमा नै लोकगीतको रचनामा व्यक्ति विशेषको योगदानलाई गौण ठान्न सकिदैन । पहिले पहिलेका लोकगीतहरू गायकहरूको समूहले नै सङ्कलन, संयोजन गरिएको अनुमान गरिएपनि पछिका अध्ययनले लोकगीतहरू व्यक्तिले संयोजन गरेको देखिएको छ । सामूहिक गायनका लोकगीतमा पनि गीतमा गायनको नेतृत्व कुनै एकजना कुशल व्यक्ति विशेषले गर्ने र समूहले साथ दिने प्रवृत्ति भेटिन्छ । यसबाट पनि लोकगीतमा प्रतिभावान् व्यक्ति विशेषको योगदान देखिन्छ । यसरी हेर्दा कुनै पनि लोकगीतको रचनामा व्यक्ति विशेषको महत्त्वपूर्ण योगदान रहन्छ तर त्यो सामूहिकतामा विलिन हुन्छ । नेपाली लोकगीतको सन्दर्भमा सोरठी, भैलो, देउसी थारु भाषीहरूको प्रचलित बर्किमार मैथिली भाषीहरूको कजली आदि गीतहरू यसका उदाहरण हुन् । (आचार्य, २०६२ : १) सृष्टिको आदिकालमा सामाजिक चेतनाको साथै लोकगीतको विकास भएको हो । यसको सम्बन्ध जनजीवनसँग छ । समयका क्रममा मानवमा विस्तारै ज्ञानको विकास हुँदै गयो र वाणीमा उसले आफ्ना सुख दुखका कुराहरू व्यक्त गर्न थाल्यो । यहि लयवद्ध वाणी लोककण्ठको माध्यमबाट लोकगीतको रूपमा प्रकट भयो । मानिसमा संगठन तथा सामाजिकताको भावना विकासका साथ साथै लोकगीतको पनि विकास हुँदै गएको देखिन्छ । त्यसैले लोकगीतहरूमा सामूहिक भावना र सामूहिक सहभागिता भेटिन्छ ।

## २.१ लोकगीतको परिभाषा

लोकगीत जीवनगत हर्ष-विस्मात, आशा-निराशा, सुख-दुःख आदि समस्त अभिव्यक्तिको मूल माध्यम हो । अतः यसद्वारा समाजका शोषित पीडित समस्त नर नारी आफ्ना पीडा गीतको माध्यमबाट व्यक्त गर्छन । गीतका माध्यमबाट नै उनीहरूले मनका गुनासो व्यक्त गर्दछन् । अर्को कुरा यो लोकगायन सामूहिक हुन्छ । यो वनपाखा मेलापात आदि गर्दा एक्लै दुक्लै पनि गाइन्छ । तैपनि यो एक्लै दुक्लै गाउने गायिकाहरू पनि समूहकै उपज हुन् । यसरी लोकगीत विभिन्न कण्ठ विशेषलाई अँगालेर गाइएको पाइन्छ ।

लोकगीत मानिसको गला गलाबाट अनवरत बगिरहने छहरा हो । (थापा र सुवेदी, २०६१ः ६०) लोकगीत यही नै हो भनेर परिभाषित गर्न सहज छैन । त्यसैले लोकगीत के हो भन्ने बारेमा धेरै विद्वान्हरूले आ–आफ्ना विचारलाई अगाडि सारेका छन् । ती विचारहरूलाई स्पष्टताको निम्ति यहाँ प्रस्तुत गर्दै आफ्नो भनाइ पनि राखेकी छु । विभिन्न विद्वान्हरूका लोकगीतप्रतिका विचारहरू फरक–भएपनि तिनमा भावात्मक समन्वय भने पाउन सकिन्छ ।

### २.१.१ लोकगीतको पश्चिम परिभाषा

पश्चिमी विद्वानहरूद्वारा लोकगीतलाई मौखिक परम्मरामा जीवित रहने लोक रचना मान्दै यसलाई विभिन्न रूपमा परिभाषित गरेका छन् । ती परिभाषाहरू यसप्रकार छन् ।

क) पेरीका अनुसार – “आदि मानवका उल्लासमय सङ्गीतलाई नै लोकगीत भनिन्छ ।”( पराजुली,२०५७ : ६७)

ख) ग्रिमका अनुसार –“लोकगीत स्वतसिर्जित हुन्छ ।” (शर्मा र लुइँटेल, २०६३ : ७३)

ग) पर्सीका अनुसार –“आदिम स्वतःस्फूर्त सङ्गीतलाई लोकगीत भनिन्छ ।” (शर्मा र लुइँटेल, २०६३ : ७३)

घ) राल्फा भी विलियम्सका अनुसार –“लोकगीत नयाँ वा पुरानो नभई वनको वृक्ष जस्तै हुन्छ । यसका जरा अनन्तसम्म गाडिएका हुन्छन्, तर यसले लगातार नयाँ हाँगा, नयाँ पात र नयाँ फलहरू उत्पन्न गराइरहन्छ ।”(शर्मा र लुइँटेल, २०६३ः ७४)

माथिका सबै परिभाषाहरूलाई समेटेर यहाँ लोकगीतलाई यसरी परिभाषित गरिएको छ ।

लोक भावना वा विचारको मौखिक श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्कोपुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ ।

## २.१.२ लोकगीतको नेपाली परिभाषा

नेपाली लोकगीतका संकलक तथा अध्ययेताहरुले पनि लोकगीतबारे आ–आफ्ना धारणा प्रस्तुत गर्दै यसलाई परिभाषित गरेका छन् । ती परिभाषाहरू यसप्रकार छन् ।

क) धर्म राज थापाका अनुसार -“लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने ” भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोक साहित्य हो ” (थापा, २०४१: २६) ।

ख) कालीभक्तका अनुसार – “कसैका बक्सिस लोभ, आशा र स्वार्थमा नपरेका नरनारीहरूका दुखित पीडित आक्रान्त, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त , वियुक्त,अनादरित र आदरित समेत जो कोही जाति, व्यक्ति, लिङ्ग, समाज र उमेरका मानिसले कुनै पुस्ताको बन्धनले बद्ध नभएर बनाएको जो गीत हो (त्यै नै लोकगीत हो ” (पन्त , २०४३ : ११२) ।

ग) ठाकुर पराजुलीका अनुसार – “काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयवर्जक शैली र कोमल पदरचनाले गर्दा लोक काव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन् ” (पराजुली, ठाकुर, २०४६ : ८६) ।

घ) मोहनराज शर्माका अनुसार - “मानवको भित्री ह्रदयलाई च्वास्स छुने र आफ्नो मनको भावनालाई गीतको माध्यमबाट अभिव्यक्त गर्ने साहित्यलाई नै लोक साहित्य भनिन्छ ” (शर्मा, २०५०: ५६) ।

ङ) लक्ष्मण लोहनीका अनुसार –"लोकगीत भावुक हृदयको स्पन्दशील लयदार कवितामय सामयिक ध्वनि हो, जीवनको कटुता र  खल्लोपनामा मनोहरताको मलम लगाउने स्वतः प्रमुख झन्कार हो " (पराजुली, २०५७ : ६८) ।

च) लीलासिंह कर्माकाअनुसार – "जीवनमा आइपर्ने समस्या वा उत्सव जे मा पनि लोकगीतले नै आफ्नो भित्री हृदयलाई बहलाउँछन् अतः लोकगीत जीवनको हरेक क्षेत्रमा निकट मात्र नरहेर स्पर्समा नै आइरहेको हुन्छ " (पराजुली, २०५७ : ६९) ।

छ) प्रदीप रिमालका अनुसार – "लोकगीत लोकसंस्कृतिको महत्वपूर्ण अङ्ग हो । लोकगीतका भाका र भावले जातीय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गाँठो कस्ने काममा ठूलो मदत पुऱ्याउन सक्छन ।" (पराजुली, २०५७ : ६९)

ज) चूडामणि बन्धुका अनुसार- "पुस्तौं पुस्तादेखि मानव जीवनको सुख दुःखको साथी बनेको लोक गीत कर्णप्रिय गेय साहित्य लोकसाहित्यिक विधा हो " (बन्धू, २०५८:४६) ।

लोकगीत लोक हृदयको स्वतःस्फुर्त सुकोमल लयात्मक अभिव्यक्ति हो । लोकजीवनको रागात्मक प्रवृत्तिका क्रममा मानव सभ्यता र संस्कृतिमा प्रकाश पार्दै मौखिक परम्परामा रहेर जातीय जीवनलाई चिनाउँदै लोकको साझा ढुकढुकी हुनु यसको गरिमा हो । धर्तीका काखमा सुखदुख भोग्दै रमाएका असंख्य जनताका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने अभिछिन्न कथा सहज गीतिप्रवाह नै लोकगीत हो ।

यद्यपि परिभाषालाई अगाडि सारेर त लोकगीत गाइने होइन । परिभाषा बनाउने काम समालोचकहरूको हो । लोकगीत त देशकाल परिस्थिति अनुसार  दुख, पीडा, हर्ष, विस्मात आदि पोखेर तत्काल सिर्जना गरेर गाइएका हुन । गायक सर्जकहरूले गीत गाए अनुसार नै परिभाषा बन्दछ। तिनीहरूले समय अनुसारको लोकगीत गाउँदै आएका हुन् । धान रोप्दा असारे गीत गाउँछन् । मङ्सिरमा दाइँ गर्दा दहेरे गीत गाउँछन् । बनमा घाँस काट्न जाँदा घाँसी गीत गाउँछन् । तिजमा माइत जान नपाएका चेलीहरूले मनको कथा व्यथा पोख्न साथी संगी मिलेर तिजको गीत गाउँछन् ।

**असारे गीत** –छुपु र छुपु धानै र रोप्ने हातमा बीउ छउन्जेल

मीठै र खाउँला राम्रै है लाउँला बाबाको जीउ छउन्जेल

**दहेरे गीत–** घाँटी सुक्यो दाइँ गर्दा पानी खान देउ ।

खलाभरी धानको थुप्रो ढुकुटी भरि देउ ।

**घाँसी गीत –** पिँडालुलाई रातो खैरो, बनकेरालाई गबरा

अर्काकी चेली बनैमा मरी कसले भन्छ है बरा

**तिज गीत–** बर्ष दिनको तिजमा भाइ लिन नआउँदा असारे झरी झैँ रून्छ मेरो मन

अभागी चेलीको मन बुझाउने छैन कतै ठाउँ ।

यसैले लोकजीवनका लाखौं सरल हृदयको ढुकढुकीलाई छुने लोकगीत लोकसाहित्यको बढी प्रचलित र लोकप्रिय विधा हो । लोकले गुनगुनाउन थालेदेखि र आफ्ना मनका भावलाई अरूका हृदयमा पु¥याउन खोजेदेखि नै लोकगीत तिनीहरूको सुखदुखको साथी भएर आएको छ। आफ्ना मनका दुख अरू समक्ष पु¥याउने लोकगीतको स्वभाविक प्रक्रिया हो । नेपाली लोकगीत स्वच्छ प्राकृतिक छहराको गुञ्जन र हिमचुलीको सितल छायाँ बोकेर आएको छ । लोकगीत परिभाषामा आवद्ध भएर हुने होइन । यसैले लोकगीत गायक सर्जकको परिस्थिति अनुसारको स्वतःस्फुरण हुने विषयवस्तु समेटिएको सांगीतिक ध्वनि हो । जसले परिवेशका रसिक भावुक जनलाई हठात आकर्षण गरेर नजिक तुल्याउँछ। आहाल्दित पार्दछ ।

## २.२. लोकगीतका **तत्त्व**

कुनै संरचनाको निर्माण नभई नहुने कुरालाई तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण, अङ्ग, घटक, संरचक, अवयव आदि पनि भनिन्छ । आफ्ना तत्त्वहरूको आवश्यक सङ्गठन नहुँदा लोकगीत वा कुनै सिर्जनात्मक रचनाले साकार रूप नलिने भएकाले यिनको आवश्यकतालाई अनिवार्यता मानिएको छ । लोकगीतको संचरना निर्माण गर्ने प्रमुख तत्त्वहरू निम्नलिखित छन् ।

### २.२.१ भाव वा विचार

भाव वा विचारलाई सिर्जनात्मक कृतिको विषयवस्तु,मूल कथ्य वा अन्तर्वस्तु पनि भनिन्छ । लोकगीतमा लोकभावना र लोकविचारको अभिव्यक्ति गरिएको हुन्छ । यसमा लोकसमुदायको व्यापक व्यापक अनुभवमा आधारित सुख, हर्ष– विस्मात,प्रेम–पीडा, उज्यालो–अँध्यारो, आँशु–हाँसो, विजय –पराजय, उन्नति –अवनति, मिलन–वियोग, व्यथा–वेदना आदिको सरल, सहज स्वभाविक उद्गार व्यक्त भएको हुन्छ ।

लोकगीत सभ्य एवं साक्षर समाजबाट टाढा जनसमुदायको भावभिव्यक्ति भएकोले यसमा जटिल भाव वा विचारको स्थान पाएको हुँदैन । कुनै एक भाव वा विचारका अभावमा लोकगीतले मूर्त रूप नलिने हुँदा यसलाई अनिवार्य तत्त्व मानिन्छ ।

### २.२.२ उद्धेश्य

लोकगीतको प्रयोजनलाई त्यसको उद्धेश्य भनिन्छ । लोकगीतको केही न केही उद्धेश्य अवश्य हुन्छ ।

नेपालीका अधिकांश लोकगीतहरू उपदेश दिने उद्धेश्यले रचिएका छन् । त्यसैले अधिकांश लोकगीतको प्रयोजन शिक्षा दिने र ज्ञान बढाउने रहेको छ । साथै मनोरञ्जन प्रदान गर्ने उद्धेश्यबाट पनि नेपाली लोकगीतहरू रचिएका छन् । कतिपय नेपाली लोकगीतहरू यथार्थको प्रकटीकरण गर्ने उद्धेश्यले पनि रचिएका छन् । नेपाली लोकगीत यिनै तीन मध्ये कुनै एक उद्धेश्य पुरा गर्ने खालको हुन्छ । उद्धेश्यको अभावमा लोकगीत निष्फल सिर्जनमा बन्ने हुँदा यसलाई अनिवार्य तत्त्व मानिन्छ ।

### २.२.३ भाषा

लोकगीतको माध्यम भाषा हो । लोकगीतमा लोक भाषाको प्रयोग गरिन्छ । त्यसैले यसमा झर्रा शब्द, स्थानीय शब्द र सग्ला शब्दहरूको बढी प्रयोग हुन्छ । भावानुकूल सरल सहज शब्दावलीको प्रयोग यसको विशेषता हो । लोकगीतको भाषा, लय, गेयता र संगीतात्मकताले प्रधानता पाउँछन् । यसमा जनसामान्यको भाषा प्रयुक्त भए पनि त्यो प्रभावकारी र आकर्षक हुन्छ ।

भाषा लोकगीतको अपरिहार्य माध्यम र भावलाई साकार पार्ने साधन भएकाले यसलाई लोकगीतको अनिवार्य तत्त्व मानिन्छ ।

### २.२.४ शैली

लोकगीतको अभिव्यक्ति गर्नै ढङ्गलाई शैली भनिन्छ । यसमा अधिकांशतः लोकशैलकिो प्रयोग भएको हुन्छ । यसमा उच्च वा मध्यम शैलीको प्रयोग नभई साधारण शैलीको प्रयोग गरिन्छ । यो साधारण शैली लोकजीवन र लोकाभिव्यक्तिकै लोकप्रिय शैली बनेको देखिन्छ । लोकगीतको रचनाकार अज्ञात रहने हुँदा र यो श्रुतिपरम्पराबाट सामूहिक सम्पत्ति बन्ने हुँदा यसको शैली पनि सामूहिक शैली हुन्छ । लोकगीत सरल र सहज शैलीमा बाधारहित ढङ्गले अबिरल बगिरहन्छ । यसमा मुख्यतयाः भावपूर्ण  शैलीको प्रयोग गरिन्छ । शैली भावलाई भाषामा अभिव्यक्त गर्ने प्रकार विशेष भएकाले यसलाई लोकगीतको अनिवार्य तत्त्व मानिन्छ । लोकगीतमा ऐच्छिक रूपले पात्र, गले अबिरल बगिरहन्छ । यसमा मुख्यतयाः भावपूर्ण  शैलीको प्रयोग गरिन्छ । शैली भावलाई भाषामा अभिव्यक्त गर्ने प्रकार विशेष भएकाले यसलाई लोकगीतको अनिवार्य तत्त्व मानिन्छ । लोकगीतमा ऐच्छिक रूपले पात्र,घटना, परिवेश आदि तत्त्वको पनि प्रयोग भएको पाइन्छ । कुनै लोकगीतमा सूक्ष्म आख्यानात्मक रहेको छ भने यो ऐच्छिक तत्त्वहरू पनि प्रयुक्त हुन सक्छन् ।

## २.३ लोकगीतका प्रमुख विशेषताहरू

### २.३.१ रचनाकाल र रचनाकार अज्ञात

लोकगीतको रचनाकाल र रचनाकार अज्ञात हुन्छन् । लोकगीत कसले र कहिले रचेको हो भन्ने जानकारी पाईदैन । प्राचीन कालदेखि नै परम्परागत रूपमा चलेर आउने हुँदा यसको सामाजिकीकरण भई तिथिमिति तथा रचनाकार बारे जानकारी उपलब्ध नभएको यो जाति विशेषको लोक–भाषामा संरचित हुन्छ ।

### २.३.२ मौखिक वा श्रुति परम्परामा आधारित

लोकगीत मौखिक वा श्रुति परम्परामा आधारित हुन्छ । त्यसैले यो लिखित नभई अलिखित रहन्छ । यसलाई सङ्कलन गरि लिपिवद्ध गरेपछि यसको विकासशील र परिवर्तनशील स्वभावमा स्थिर र अपरिवर्तनशील बन्छ । लोक परम्परा, लोकअनुष्ठान र लोकानुभूति यसका विशेष सम्पोषक हुन् ।

### २.३.३ सामूहिक अभिव्यक्ति

लोकगीतमा सामूहिक अभिव्यक्ति हुन्छ । लोकगीतको निर्माण तथा विकास व्यक्तिविशेषबाट नभई लोक समूहबाट गरिन्छ  र यसमा सामूहिक भाव  वा विचार तथा सामूहिक मूल्य एवं मान्यताको अभिव्यक्ति हुन्छ ।लोकगीत वैयक्तिक नभएर अवैयक्तिक  वा समूहगत हुनु यसको खास विशेषता हो ।

### २.३.४ परिवर्तनशील हुनु

लोकगीत परिवर्तनशील हुन्छ । लोकगीतमा समय र स्थानअनुसार परिवर्तन हुने गर्छ । यसमा हुने परिवर्तनशीलतालाई यसको विकासीलता मानिन्छ । प्राचीनता, परम्पारिकता, हस्तान्तरणीयता, मौखिकता आदिका कारण यसमा समय समयमा परिवर्तन देखापर्छ ।

### २.३.५ सरल र सहज

लोकगीतमा कुनै प्रकारका कृत्रिमता नभई नैसर्गिकता हुन्छ । यो साहित्यिक अलङ्कारको बोझीलोपनबाट पनि टाढा रहन्छ । यसमा जटिलता असहजता र अस्वभाविकताले कुनै ठाउँ पाएको हुँदैन । यसमा मानव सभ्यता –संस्कृतिले  सरलतम प्रयासहीन र सजावटरहित अभिव्यक्ति पाएको हुन्छ ।

### २.३.६ लयात्मक र सङ्गीतात्मक

गेयता र सङ्गीतात्मकतालाई लोकगीतको अनिवार्य पहिचान मानिन्छ । यसको लयविधान, सङ्गीतात्मकता र गायन शास्त्रीय परिपाटीको नभई स्वच्छन्द प्रकारको हुन्छ । एक्लै दुक्लै वा समूहमा गाउन नसकिने लोक रचनालाई लोकगीतको संज्ञा दिइँदैन ।

### २.३.७ स्थायीको पुनरावृत्ति

लोकगीतको आरम्भिक चरणमा आउने पंक्तिलाई स्थायी टेक वा ध्रुवपद भनिन्छ । यसका पुनरावृत्तिका कारण लोकगीतमा बढी लय र सङ्गीत उत्पन्न हुन्छ । यो प्रश्नोत्तरात्मक पनि हुन सक्छ । जस्तै : मेरो माया कहाँ गयो होला

दिनमा आउने सूर्यलाई थाहा होला ।

### २.३.८ मनोरञ्जनात्मक र उपदेशात्मक

लोकगीतले मनोरञ्जन शिक्षा, ज्ञान र उपदेश सरल ढङ्गमा दिन्छ । जस्तै : नखेल्नु जुवा र तास, धनको नाश जीवनको बनबास श्रवण र गायनको आनन्दको साथै सामूहिक भाव वा विचारको अभिव्यक्ति लोकगीतको मूल प्रयोजन हो ।

### २.३.९ स्वच्छन्द प्रकृतिको हुन्छ

लोकगीतले कुनै प्रकारको बन्धन स्वीकार्दैन र स्वतःस्फूर्त ढङ्गमा संरचित हुन्छ । यसले सामान्य लोकव्यवहारको अनुसरण गर्छ ।

### २.३.१० मर्मस्पर्शी र प्रभावकारी हुन्छ ।

लोकगीतमा पाइने रागात्मक एवं रसमयताका कारण यो बढी मर्मस्पर्शी र प्रभावकारी बनेको हो । लोकगीत मन लोभ्याउने आकर्षक हुन्छ । यसमा लय र माधुर्यको प्रधानता रहन्छ ।

### २.३.११ हार्दिकताको प्रधानता

लोकगीतमा बौद्धिक पक्ष भन्दा हृदय पक्षको प्रवलता रहन्छ । यसमा आत्मीयता, संवेदनशीलता र रागात्मकताको प्रचुरता पाइन्छ ।

### २.३.१२ लोकतत्वको प्रधानता

लोकभाषा, लोकभावना, लोकविश्वास, लोकवातावरणमा लोकगीत पुरै भिजेको हुन्छ ।

### २.३.१३ भावगत एकोन्मुखता

लोकगीत साझा रूपले अनुभूत भाव वा विचारको अभिव्यक्ति हो, तर यस विषयमा प्रायः सामान्य भएपनि घतिलो हुन्छ ।

### २.३.१४ प्रगीतात्मक लोकगीत

प्रगीतात्मक रचना छोटो छरितो लयात्मक र गेय हुन्छ । यो एउटै भाव वा विचारमा केन्द्रित रहन्छ । यसमा विविध भागका हाँगाविगा हुँदैनन् ।

## २.४ लोकगीतको वर्गीकरण

नेपाली लोकगीतका अनेक प्रकार छन् । विभिन्न बान्की छन् । कुनै गीत जुनसुकै बेला गाइन्छ भने कुनै गीत खास–खास ऋतु पर्व वा कामका बेलामा गाइने गरिन्छ । बाह्रमासे लोकगीतमा झ्याउरेका धेरै प्रकार भेटिन्छन् । चाडवाड र मेलापर्वमा गाइने लोकगीत मध्ये तिहारको भैलो र देउसी, बिहेको रत्यौली, जात्रामात्रामा गाइने मारूनी, ख्याली, असारको रोपाइँसँगै गाइने असारे रसिया आदि लोकगीत प्रसिद्ध छन् ।

नेपाली लोकगीत लामा,छोटा, ठाडो आदि विविध भाका अनुसारका देखिन्छन् । कुनै लोकगीत एकल गाइन्छन भने कुनै दोहोरी वा जुहारीका रूपमा घन्कन्छन र कुनै लोकगीत चाहिँ सामूहिक स्वरमा गुञ्जन्छन् । यसरी नै कुनै लोकगीत केवल गेय हुन्छन भने कुनै लोकगीत नृत्य गीतका रूपमा अनि कुनै लोकगीत गाथाका रूपमा पनि प्रचलित छन् । क्षेत्रीय तथा जातीय दृष्टिले एवं लिङ्ग अवस्था र कार्यका आधारमा पनि लोकगीतलाई विभक्त गरिएको पाइन्छ । यसै आधारमा नेपाली लोकगीतको वर्गीकरण निम्नानुसार गरिएको छ ।

### २.४.१ क्षेत्रका दृष्टिमा

प्रत्येक क्षेत्रमा पाइने लोकगीत आ–आफ्ना सुविधा र आवश्यकता अनुसार विभिन्न रूपका हुन्छन र क्षेत्र वा स्थान विशेषमा प्रचलित दृष्टिमा तिनलाई छुट्याउन सकिन्छ । जस्तै : पूर्वाञ्चलका लोकगीत, पश्चिमाञ्चलका लोकगीत, तराइका लोकगीत अथवा डोटेली लोकगीत, पाल्पाली लोकगीत, पूर्वेली लोकगीत आदि ।

### २.४.२ जातीय दृष्टिमा

तामाङ सेलो, सेर्पालीगीत, नेवारीगीत, (अहिरद्धारा गाइने ),थारूगीत आदि लोकगीत जातिसँग सम्बद्ध भइ हुर्केका हुन् । यसरी नै प्राय चुड्का भजन, बालन जस्ता गीत बाहुन क्षेत्रीले गाउँछन भने सोरठी, घाटु, नचरी र कौरा गीत मगर र गुरूङहरूले गाउँछन् । कर्खा गीतचाहिँ गन्धर्वहरूले गाउने गर्छन् ।

### २.४.३ उमेर वा लिङ्गका दृष्टिमा

केहि लोकगीत उमेर अवस्थाअनुसार गाउने गरिन्छ । यस्ता गीतहरूमा बालकहरूले मनोरञ्जन तथा खेलकुदका क्रममा गाउने बालगीत, युवा युवतीहरूले खासगरी प्रेम प्रसङ्ग वा संयोग वियोगका क्षणमा गाउने गीत, वृद्धहरूले धार्मिक पर्व उत्सवका अवसरमा गाउने भजन र बालन गीतलाई लिन सकिन्छ । यसरी नै पुरूष वा स्त्री कुनै पक्षले मात्र गाउने गीत पनि छन् । पुरूषले विवाहमा गाउने खाँडो , मंसिरमा गाउने दाईगीत, नवरथामा गाउने मालसिरी गीत र मध्यपश्चिमतिरका पैसेरू, लहरे अनि स्त्रीले तिजमा गाउने तिजेगीत र सङ्गिनी, तिहारमा गाउने भैलो झण्डै मारूनीको छाँटको सिंगारू फाग अनि विवाहका अवसरमा गाइने रत्यौली आदि यस्तै गीत हुन ।

### २.४.४कार्यअवस्थाका दृष्टिमा

जन्म, विवाह, पास्नी आदि अवसरमा गाइने संस्कारगीत बाह्रैमास गाइने झ्याउरे, रोइला आदि र चाडपर्व तथा मेलापात आदिमा गाइने ऋतुकालीन गीत यस अन्तर्गत आउँछन् । ऋतुकालीन गीतमा पनि जेठे जेठमा मकै गोड्दा, असारे रोपाइँमा धान रोप्दा ,साउने साउनमा कोदो रोप्दा, भदैरे गोडमेलका अवसरमा र दाइँगीत मंसिरमा दाइँ हाल्दा गाइन्छन् । यसरी नै मागल, विवाह, ब्रतबन्धमा मालसिरी, दशैँको नवरथामा र भैलो देउसी तिहारमा गाउने गरिन्छ । फागु/फगुवा गीत वा होली फागका अवसरमा गाइन्छ ।

### २.४.५ स्वरूपका दृष्टिमा

विभिन्न आकार प्रकारको झ्याउरे, करखा, सेलो र रोइला आदि गीतको बनोट नै तिनको स्वरूप हो । लय अलङ्कार आदि रूप वा बाह्य पक्षलाई पनि यही संरचनात्मक स्वरूपमा राख्न

सकिन्छ । स्वरूप वा संरचनात्मक पक्षका दृष्टिमा मुक्तक गीत (भाव प्रधान) प्रबन्ध गीत ( कथज प्रधान ) हुन्छन् सगुन, चुड्खा दोहोरी, झ्याउरे,घाँसे,असारे रोइला आदि लोकगीत मुक्तक  गीत हुन भने गाथाका विभिन्न प्रकार प्रबन्ध गीत हुन ।

यसरी हेर्दा आकार तथा आयाम जस्ता रूप भेद मात्र होइन लय अलङ्कार र रस आदि सम्म पुग्न सकिन्छ ।

## २.४.६ प्रस्तुतिका दृष्टिमा

लोकगीतलाई प्रस्तुतिका दृष्टिमा हेर्दा स्वर मात्र झिकेर गाइने, नृत्य सहित गाइने र बाजा समेत गाभेर गाइने गीतहरू पर्दछन । स्वर मात्र झिकेर गाइने लोकगीत सादा गीत हुन भने नाच मिलाएर गाइने गीत नृत्य गीत हुन । अनि बाजा बजाएर गाइने गीत बाद्यगीत हुन । प्रायः घाँसे, असारे, रसिया आदि लोकगीत नाच र बाजाबिना पनि गाइन्छन्. भने रत्यौली तिजे, करुवा ख्याली, दोहोरे, झ्याउरे आदि लोकगीतमा नृत्य पनि गाभिएको पाइन्छ । गाइने गीतमा सारङ्गी, बालनमा खैजडी, मारूनी गीतमा मादल र हुड्केमा हुड्को जस्ता बाजा आवश्यक हुन्छन् । नृत्य र बाजाको समेत प्रयोग हुने गीतलाई नृत्य वाद्यगीत भन्न सकिन्छ ।

नेपालभित्रका विभिन्न जातजातिले गाउने नेपाली लोकगीत र राष्ट्रिय भाषाका लोकगीतको विविधताले नेपालको सेरोफेरोलाई टपक्कै ढाकेको छ ।

यसरी विभिन्न विद्वान्हरूले लोकगीतको वर्गीकरण आआफ्नै किसिमले गरेका छन् तापनि लोकगीतलाई मुख्यतः सामान्य र विशिष्ट गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

क) सामान्य लोकगीत : बाह्रै महिना गाइने बाह्रमासे गीतलाइ सामान्य गीत भनिन्छ । झ्याउरे, चुड्का, रोइला, कौरा, ठाडो भाका, देउडा, संगीनी, ख्याली, टुङ्ना, सेलो आदि सामान्य गीत अन्तर्गत पर्दछन् । यी गीतहरू हाटबजार, मेलापात, बिहे ब्रतबन्ध तथा जुनसुकै फुर्सदको समयमा मनोरञ्जन प्रदान गर्ने हेतुले गाइन्छ ।

ख) विशिष्ट गीत : धार्मिक अवस्था, जीवन संस्कारहरू, चाडपर्व, ऋतु तथा श्रममूलक कार्यसँग सम्बद्ध गीतहरूलाई विशिष्ट गीत भनिन्छ । यसलाई खास समयमा गाइन्छ ।

पर्व गीत : दशैं तिहार, तिज आदिमा गाइने गीत । जस्तै : मालसिरी, भैलो , तिजे , माहल गीत रत्यौली, सङ्गिनी आदि

धार्मिक गीत : चुड्का, बालन, पडेली, भोलाउलो आरती, भजन आदि गीत

श्रम गीत : जेठे, असारे, साउने, भदौरे, कात्तिके , दाई गीत, वसन्त, गोडेमेल, रोपाइँ गीत, चर्खा, बाली गीत आदि ।

संस्कार गीत : मागल, सगुन, फाग , सैरेली, खाँडो, धमारी, रत्यौली आदि ।

# परिच्छेद तीन

## ३. तिजगीतको सैद्धान्तिक परिचय

### ३.१ तिजगीतको परिचय

तिज शब्दमा 'ए' प्रत्यय लागेर तिजे शब्द बनेको हो । तिजे शब्दले तिज भन्ने अर्थ बुझाउँछ । तिज पर्व सम्पूर्ण हिन्दू धर्मावलम्बीहरूले नेपाल अधिराज्यभरि नै मनाउने महान चाड हो । यो चाड भाद्र शुक्ल तृतीयाको दिनमा पर्छ । तिजमा महिलाहरूले दर खाने, व्रत बस्ने, पूजाआजा गर्ने र तिजका गीत गाउने परम्परा छ । भाद्र शुक्ल तृतीयाका दिन अविवाहित महिलाहरू सुयोग्य वर प्राप्तिका लागि र विवाहित महिलाहरू पति र सम्पूर्ण परिवारको कल्याणका लागि पानी पनि नखाइकन निराहार व्रत बस्दछन् । तिजको किंवदन्ती पार्वतीले महादेवलाई पतिका रूपमा प्राप्त गर्नको लागि गरेको सन्दर्भसँग गाँसिएको छ ।

तिजको अवसरमा गाइने तिजे गीतलाई भदौरे गीत पनि भनिन्छ । तिजगीत एकल रूपमा र सामूहिक गरी दुवै रूपमा गाउन सकिने भए तापनि अधिकांश महिलाहरूले सामूहिक रूपमा गाउने गर्दछन् । यसका श्रोता महिला पुरुष सबै हुन्छन् । विशेष गरेर यो गीत व्रतालु महिलाहरूले गाउने र नाच्ने गर्दछन् । यसमा बाजाको प्रयोग एकदम कम मात्रामा गरेको पाइन्छ । बाजाको प्रयोग गरिहाले पनि मादल बजाएर र गीत गाएर नाच्ने प्रचलन रहँदै आएको पाइन्छ । नारीहरूले आँगनमा, चौरमा र मन्दिरमा तिजे गीत गाउँछन् ।(शर्मा र लुईटेल,२०६३:११९) । तिजको समयमा महिलाहरू विशेष गरेर माइत गएर गीत गाउँदै रमाइलोसँग तिजपर्व मनाउने गर्दछन् । सबै महिलाहरू एक ठाउँमा भेला भई सामूहिक रूपमा तिजका गीतहरू गाउने गर्दछन् । सबै महिलाहरू माइतीघर जाने हुँदा उनीहरू स्वतन्त्र र निर्धक्कपूर्वक आफ्ना मनमा लागेका दुःख, पीडा,व्यथा, वेदना र चिन्ता घरका सासू-ससुराका व्यवहार र आफूले भोगेका अनुभवहरू गीत मार्फत पोखेर मनलाई स्वच्छ र हलुका पार्दछन् । केही दिनको लागि भए पनि घरको कामधन्दाबाट मुक्त भएका दिदी-बहिनीहरू आफ्ना दुःख सुखका क्षणहरूलाई गीतको भाकामा मिलाएर एकले अर्कालाई

सुनाएर नाचगान गर्ने गर्छन् । यस गीतमा नेपाली हिन्दू नारीका पीडा, चिन्ता, दुःख, व्यथा, वेदना, रोष, रोदन, क्रन्दन, उत्पीडन, सुस्केरा आँसुको अभिव्यक्तिसँगै पोखेका हुन्छन् भने उता माइती घरमा बस्दाको सुख र आनन्दलाई पनि व्यक्त गरेको पाइन्छ । तिजमा माइत जान नपाएका र कोही नहुने महिलाहरूले बाबु-आमा, दाजु-भाउजू, भाइबहिनी, भतिजा आदिको सम्झना गर्दै मार्मिक अनुभूतिहरूलाई गीतका माध्यमबाट नारीले अभिव्यक्त गर्दछन् । तिजको गीत महिलाले मात्र गाउने हुँदा यो नारी प्रधान गीत हो । तिजगीतका माध्यमबाट नारी चेतना र समाज जागरणका स्वरहरू फैलाउने काम आजभोलि निकै प्रचलनमा आएको छ । तिजको गीतमा मुख्यतया समाजले छोरीलाई र छोरालाई समान रूपले नहेरेको, पुरुषले नारीलाई अवहेलना गरेको र पीडित हुनु परेको सासू र सौताको बुहार्तन, लोग्ने र ससुराको व्यवहार माइतीको बेवास्ता, लोग्नेले छाडेको अवस्था जस्ता विविध पक्षमा आफू स्वयंले भोगेको यथार्थ घटनाहरूलाई तिजको गीतको माध्यमबाट सबैको हृदयलाई चोट पुऱ्याउने गरी कोमल र सरल भाषाशैलीमा अभिव्यक्त गरिन्छ । मूलतः नारीले आफ्ना दुःख पीडालाई माइतीलाई सुनाउने प्रमुख माध्यम तिजको गीत बनेको देखिन्छ । तिजको अवसरमा नारीहरूले व्रत बसी पूजा पाठ गरेर आफ्नो पति वा परिवारको समृद्धि र कल्याणको चाहना गर्दछन् । यसरी हरितालिका वा तिजका अवसरमा गाइने तिज गीतहरू नै तिजे लोकगीत हुन् । यी गीतका अधिकांश टुक्रा नेपाली नारीका मुखमुखमा गुन्जिरहेका छन् (आचार्य, २०३६ः ३५८) ।

अहिलेका तिजका गीतहरूमा शोषण, दमन, अन्याय र अत्याचारका विरूद्ध नारी विद्रोह र सचेतताका स्वर पनि सुनिरहेको पाइन्छ । यी गीतहरूमा बाल विवाह, अनमेल विवाहले ल्याएका समस्याहरू सासूले गरेका प्रताडना र थिचोमिचोले जन्माएका पीडाहरू, संस्कारगत विधिले दिएको दुःख र दर्दहरूलाई अभिव्यक्त गरिएको हुन्छ । तिजका गीतहरूले चेलीका आमा-बाबु दिदी-बहिनी र दाजुभाइहरूको प्रेम मात्र नदेखाएर बाल्यकाल र जन्मस्थलको सम्झना मात्र प्रस्तुत नगरेर सामाजिक रीतिस्थितीलाई पनि यथार्थ रूपमा उतारेको पाइन्छ । एकल वा दोहोरी रूपमा र सामूहिक रूपमा गाइने तिजको गीतहरूले समाजमा नारीका स्थितिलाई प्रष्ट रूपमा देखाएका छन् । यी गीतहरू पूर्वी पहाडमा सँगिनी लयमा प्रस्तुत गरिन्छ । तीब्र रूपमा बढ्दो शहरीकरणको गति,

नेपालको विभिन्न जातिको संस्कृति, परम्परा, चालचलन र बसाइ सराइँ जस्ता कारणले गर्दा आजभोलि तिजको गीतको प्रचलन घट्दै गएको छ ( बन्धु, २०५८ : १६४) ।

### ३.१.१ तिजगीतको परिभाषा

तिजगीतको परिभाषा विभिन्न विद्वान्हरूले विभिन्न किसिमले दिएका छन् । धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकसाहित्यको विवेचनामा तिजका गीत भनेको नारीहरूको व्यथा, पीडा र वेदनाको सुस्केरा हो (थापा र सुवेदी, २०४१:१५८) भनेका छन् । भाषा जनजीवनको भावना अनुसार पूर्वदेखि पश्चिमसम्म फरक फरक रहेको कुरा उल्लेख गरेका छन् । तुलसीमान श्रेष्ठले गोर्खाली साहित्यको  एक अध्ययनमा तिजका गीत भनेको नारीहरूद्वारा सरल, सरस, लयात्मक शैलीमा हृदयलाई छुने खालका र अरूलाई समेत प्रभाव पार्ने मार्मिक ढाँचाको हुन्छ । (श्रेष्ठ, : २०४९:४१) भनेका छन् । कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतको आलोकमा नारीको मनमा उत्पन्न इच्छा, आकांक्षा, अभिव्यक्ति हुनाका साथै सामाजिक उन्नति, प्रगति परिवर्तनका चाहना समेत प्रतिबिम्बित हुँदै आएको छ । (पराजुली, २०५५: १७५) भनी तिजका गीतको परिचय दिएका छन् ।

चूडामणि बन्धुका अनुसार तिजका अवसरमा नारीहरूद्धारा गाइने गीत जसमा नारीहरूको हर्ष, उल्लास, आनन्द, र उमंगका मर्महरूलाई व्यक्त गरिएको हुन्छ । यसका साथसाथै यी गीतहरूमा बालविवाह, अनमेल विवाह र बहुविवाहले ल्याएका समस्याहरू, सासुको प्रताडना र थिचोमिचोले ल्याएका दुःख पीडाहरू परम्परादेखि चल्दै आएका संस्कारगत र सामाजिक विधिले दिएको दुःख र दर्दहरूलाई अभिव्यक्त गरिएको हुन्छ (बन्धुः २०५८ः ६४) । मोहनराज शर्मा  र खगेन्द्र लुइटेलका अनुसार तिजको गीतमा मुख्य विषयवस्तु चेलिबेटीको दुःख पीडा, आँसु, उत्पीडन र सुस्केरा हुन्छन् । (शर्मा र लुइटेलः २०६३:११९)भनेर उल्लेख गरेका छन् ।

तिजको गीतको परिभाषा दिने क्रममा सबै लोक साहित्यविद्हरूका मत झण्डै उस्ता उस्तै छन् । सबैले नारीहरूको व्यथा, वेदना, हर्ष, विस्मात् तथा सामाजिक उत्पीडन अभिव्यक्त गर्नु नै तिज गीतको मुख्य भाव रहेको छ । त्यसैले गर्दा तिज गीतले लयात्मकता

निर्वैयक्तिकता, तीव्रता, सरलता, मार्मिकता र रागात्मकता जस्ता विशेषता बोकेको हुन्छ । समाजको आदिकालदेखि श्रुतिपरम्परागत आधारमा सामूहिक रूपमा विचरण गर्दै रहेको लोकको अनुपम अभिव्यक्ति हो ।

### ३.१.२ तिजगीतको विशेषता

नारी जीवनमा भोगिने राम्रा, नराम्रा, तीता, मीठा कथा-व्यथा, कोमल-कठोर र सरल यथार्थतालाई तिजगीतमा प्रतिबिम्बित गरिएको हुन्छ । कल्पना र यथार्थका विविध पक्षलाई खेती किसान गरेर र घरको चूलो  चौको घरधन्दामा लागेर वाक्क भएका, मेलापात र गोठालो जाँदा वाक्क दिक्क भएका नारीहरूले आफ्ना मनका पीडा दुःखलाई तिजका गीतका माध्यमबाट पोख्ने गर्दछन् । बाल्यकालमा खेल्ने, रमाउने, नाच्ने, गाउने युवायुवतीमा माया प्रीति बाँड्ने र बूढेसकालीन समयमा शान्ति र आनन्द लिने माध्यमका रूपमा यो प्रतिष्ठित र सम्मानित बनेको पाइन्छ । तिजगीतका विशेषताहरू निम्न लिखित छन् ।

#### क) अज्ञात रचयिता

तिजको गीत कहिले कसले रच्यो, लय हाल्यो भन्ने कुरा थाहा हुन्न । यसको रचनाकार र समय अज्ञात हुन्छ । तिजको गीत समय सीमालाई नपर्खेर नाघेर निरन्तर बहँदै  जान्छ, स्रष्टा भने पार्श्व भूमिमा छिपेको हुन्छ । नारी जनजीवनको स्वतस्फूर्त अभिव्यक्तिका रूपमा आएको तिजगीत गतिशील हुन्छ । तिजको गीत समयको गतिसँगै परिवर्तन भई अघि बढ्छ । यसरी हेर्दा तिजगीतको बाहिरी र भित्री कलेवरमा सूक्ष्म रूपले परिवर्तन भइरहेको पाइन्छ । तिजका गीत पहिले नै लिपिबद्ध नहुने हुँदा रचनाकार गौण हुन्छ र गीत परिवर्तन भइरहन्छ ।

#### ख) मौखिक परम्परा

तिजगीत अलिखित रूपमा मौखिक परम्पराबाट विकसित हुँदै आएको गीत हो । एक पुस्ताबाट अर्को पुस्ता, एक पिँढीबाट अर्को पिँढीमा मुखमुखैका माध्यमबाट प्रवाहित हुँदै जाने गीत हो । एक जनाले गाएपछि अर्काको मुखमा पनि झुण्डिन गई गुनगुनाउने गर्दछन् । यसो हुँदा यो गीत परिवर्तनशील छ । यसरी तिजको गीत मौखिक परम्पराबाट फस्टाउँदै आएको हो ।

**ग) सामूहिक भावभूमि**

नारीहरूको सामूहिक अभिव्यक्ति देशकालको सीमा नहुने व्यक्ति व्यक्तिका श्रृंखला जोडेर संवेद्य समूहको रूप लिने, जसले गाए पनि उल्लास र पीडाको स्वर सामूहिक रूपमा गुञ्जने तिजगीतको पृष्ठभूमि नै सामूहिक भावभुमि हो । वौद्धिकता भन्दा हार्दिकतातर्फ ओर्लेको तिजगीतको भाव लयदार हुन्छ । तिजगीत नारीहरूको उपज हुनाले नारीहरूको भावभुमिमा निहित हुन्छ । एउटी नारीको दुःख, दर्द र वेदनामा तिजको गीतले अभिव्यक्ति दिन्छ र यो समस्त नारी जातिकै व्यथा र वेदना बन्न पुग्छ । त्यसैले तिज गीतमा सामूहिक भावभूमि अभिव्यक्त हुन्छ ।

**घ) सहजता र स्वाभाविकता**

तिज गीतहरू नारी भावनामा आधारित नारी कलाकारको सिर्जना हो । यो सहज सबैले बुझ्ने खालको हुन्छ । यो स्वतःस्फूर्त भएर सिर्जना हुने मानवीय प्रेम, उल्लास, उमङ्ग र वेदना मुखरित हुने गीत हो । प्रत्येक समाज र जातिको इतिहास सहज र स्वाभाविक रूपमा तिजगीतमा व्यक्त गरिएको हुन्छ । सरल र सहज शैली स्वभाविक घटनावली तथा सहज स्वाभाविक बोलीचालीको भाषा प्रयोगले यस गीतले सबैको आन्तरिक मन छुन्छ ।

**ङ) मौलिकता र सरलता**

नेपाली नारीहरूले जीवनमा भोग्नुपरेका दुःख सुख हर्ष विस्मात आदि घटनालाई सहज ढङ्गले सरल र मौलिक रूपमा :व्यक्त गर्न सक्नु तिज गीतको विशेषता हो । यो नितान्त मौलिक र सरल हुन्छ । यो  कृत्रिमता नभएर आफ्नै प्राकृतिक मौलिकतामा अभिव्यक्त भएको हुन्छ । साहित्यिक अलङ्कारहरू थपिएको पाइँदैन ।

**च) प्रकृति चित्रण**

प्रकृतिसँग तिजगीतको तादात्म्य रहेको हुन्छ । प्रकृतिसँग तादात्म्य भई आफ्ना अभिव्यक्ति पोख्ने क्रममा आफ्ना आँखाले देखे भोगेका कुरालाई महिलाले टिपेर लयात्मक

रूपमा प्रकट गर्दछन् । तिजका गीतले नारीद्वारा अनुभूत गरिएका प्राकृतिक बिम्बलाई पर्याप्त स्पर्श गरेको हुन्छ।

**छ) प्रश्नोत्तर प्रवृत्ति**

तिजगीतमा प्रश्नोत्तरको प्रचलन पनि रहेको हुन्छ । युगल गीत र जुवारीका रूपमा गाइने गीतहरू प्रश्नोत्तर प्रधान गीत हुन् । यसमा सिधा प्रश्नोत्तर गरिन्छ ।

**ज) पुनरावृत्ति र थेगोको प्रयोग**

तिजगीत गाउँदा प्रत्येक चरणमा पुनरावृत्ति हुन्छ । त्यसलाई 'थेगो' भनिन्छ । तिजगीतको पङ्क्ति प्रायः दाहोरिन्छ । शब्द'-शब्द वाक्य वाक्यलाई दोहोऱ्याएर चरण पूरा गर्ने कार्य तिजगीतमा हुन्छ । यसमा आफ्नै शैली प्रयोग हुन्छ । यस्तो 'थेगो' को प्रचलनले तिजगीत रसिलो हुन्छ । वरिलै, कठै, यहै जस्ता थेगोले गीतलाई प्रभावकारी बनाउँछ ।

**झ) स्वच्छन्दता**

तिजगीत नारी जीवनको अनुभूति हो र यसमा स्वच्छन्दताको अभिव्यक्ति हुन्छ । यसलाई कुनै नियममा बाँध्नु पर्दैन र छन्द, रस, अलङ्कार,शास्त्रीय नियम र अनुशासनमा बाँध्नुपर्ने बाध्यता छैन ।

**३.१.३ तिजगीतको महत्त्व**

नारीहरूको व्यथा, वेदना, रोदन, हाँसो, क्रन्दन, आस्था, धारणाजस्ता मानवीय अनुभूति तिजगीतमा प्रस्फुटन हुने भएकोले यसको महत्व वर्णन योग्य छ । यसले नेपाली महिलाहरूका सम्पूर्ण पक्षलाई समेटेको पाइन्छ । परम्परागत पुर्ख्यौली भोगाइ, रीतिस्थिति, प्रचलित भाषा झर्रो नेपाली ठेट शब्दका प्रयोग तिजगीतमा झल्किएका हुन्छन् । महिलाहरूमा पनि विभिन्न जाति भेषभूषा, सामाजिक रीतिस्थिति, रहनसहन, मानवीय क्रियाकलापहरू हुन्छन् । नारीहरूले गाउने तिजगीतले नारीहरूको जनजीवनको चित्रण गर्ने उनीहरूलाई एकजुट पार्ने कार्य गर्ने हुँदा नारीहरूको लागि तिजगीतको ठूलो महत्व छ ।

### ३.१.४. तिजगीतको वर्गीकरण

तिज गीतलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

**क) विषयको आधारमा**

लोकगीत जस्तै तिजगीत पनि विषयवस्तुमा आधारित हुन्छ । समाज, समय, प्रसंगअनुसार समसामयिक, आर्थिक, राजनैतिक प्रशासनिक, शैक्षिक, सामाजिक, धार्मिक आदि विषयवस्तुमा आधारित हुन्छन् जस्तै पश्चिममा देवस्तुति र अन्य विषयका तिजगीत प्रचलित छन भने पूर्वमा सँगिनीलाई तिजगीतका रूपमा लिइन्छ । जस्तोसुकै भनाइ रहे तापनि यसमा नारी वेदनानै प्रतिबिम्बित भएको हुन्छ ।

**ख) प्रस्तुतिका आधारमा**

तिजगीतलाई गाउन र नाच्नका लागि व्यवस्थित र निश्चित ठाउँको आवश्यकता पर्दैन । जुनसुकै ठाउँमा पनि नाच्न गाउन सकिन्छ भने मञ्च स्थापना गरेर नाच्न गाउन पनि सकिन्छ । वाद्यवादन सहित र वाद्यवादन रहित दुवै किसिमले गाउन सकिन्छ । खैँजडी, मुजुरा, मादल, हार्मोनियम बजाएर प्रस्तुत गर्न सकिन्छ भने ताली बजाएर मात्र पनि गीत गाएर प्रस्तुत गर्न सकिन्छ ।

**ग) गायनको आधारमा**

तिजका गीत एकल, युगल वा समूहगत रूपमा गाउन सकिन्छ । सवाल-जवाफको रूपमा पनि तिजको गीत गाउने प्रचलन छ ।

**घ) रस भावका आधारमा**

तिजका गीतहरू सबै रसका रचिएका हुन्छन् । तापनि वीर, शान्त, करूण, हास्य रस प्रधान गीतहरू अधिक छन् ।

### ङ) विविध आधार

यी माथिका प्रमुख आधार मान्दै अरू विविध आधारका रूपमा भौगोलिक, शैक्षिक, लैङ्गिक आधारमा पनि तिजगीतलाई वर्गीकरण गर्न सकिन्छ । भौगोलिक आधारमा विकटताको, सुगम, दुर्गमको बयान शिक्षित र अशिक्षितले गाउने तिजगीत साथै नारी पुरूष आदि लिङ्ग जस्ता भेदमा पनि वर्गीकरण गर्न सकिन्छ ।

### निष्कर्ष

तिजगीत सम्पूर्ण हिन्दू धर्मावलम्बी महिला दिदी बहिनीहरूले मनाउने एक महत्वपूर्ण र महान चाड हो। यो चाड भाद्र शुक्ल तृतीयाको दिन विवाहित र अविवाहित महिलाहरूले व्रत बस्ने गर्दछन । विवाहित महिलाहरू आफ्नो पतिको दीर्घायुको कामना गर्दछन् भने अविवाहित महिलाहरू सुयोग्य वर प्राप्त होस् भन्ने कामना गर्दै व्रत बस्ने गर्दछन् । दिनभरि निराहार बस्ने आफ्ना मनका व्यथा वेदना गीतको माध्यमबाट पोखेर नाच्ने गाउने गर्दछन् । तिजगीत दर खाने र व्रत बस्ने दिनमा बढी गाउने गर्दछन् ।

## परिच्छेद चार

### तिजगीतको सङ्कलन

दोलखा जिल्लाका गाविस मध्ये नाम्दु गाविस पनि एक हो । यस भेगमा बाहुन, क्षत्री, नेवार, तामाङ, दमाई, कामी आदि जात छन्, तापनि तिजगीत विशेष गरी ब्राहमण जातीमा बढी प्रचलित छन् । यति हुँदा हुँदै पनि गुरूङ, मगर तथा अन्य जातजातिका महिलाहरूलेपनि यो गीत गाउने गर्दछन् । यस गाविसमा प्रचलित तिजगीतहरूको संकलन निम्नानुसार छ ।

### ४. नाम्दु गाविसमा प्रचलित तिजगीतको सङ्कलन

**१) माइत जान नपाउँदाको वेदना**

तिजको बेलामा सबै जान्छन् माइत
आफ्नो माइती मुग्लान पारि छैन साइत ।
साहूले गर्दा गए माइती नवै डाँडा काटेर,
दुखः पर्दा रुन्छ मेरो मनै फाटेर
तिजको बेलामा सबै जान्छन् मेलामा
मै छोरीको आँशु खस्यो दैला ठेलामा ।
मै छोरीको कस्तो हारेको करिम
रुँदै रुँदै मैले बस्नु पऱ्यो घरैमा (कान्छी अधिकारी, वर्ष ६०, वडा नं २)

**२) सासूले माइत जान नदिएको वेदना**

तिजको दिनलाई भाइ आयो लिनलाई,
पठाइदिनु सासू बज्यै दुवै दिनलाई
बेलुका छोरो आएर मलाइ गाली गर्छ कि ।
तिजको भोलिपल्ट आउनुपर्छ कि ।
बेलुका छोरो आएर भन्छ बुहारी खै त
उसको भाइ लिन आको गई माइत ।
मेरो सिन्दुर परेपछि मेरै हुन्छ खटन

कसले लायो आमालाई माइत पठाउन ।
नजा भन्दा गई त हाली बुहारी मेरी हुँडीले
मुख भरको जवाफ पाएँ मै बूढीले ।          ( जानकी दाहाल, बर्ष ६५,  वडा नं ३)

**३) तीजमा लिन पठाइदिनु भनेर आमालाई वेदना**

साउने वर्षा आमाको आँशु झरेको देखेर
म आउने छु आमा तिजको बेला माइतीलाई सम्झेर ।
कोरीदेउ आमा बाटीदेऊ आमा फूल पनि लगाइदेऊ
म यौटी छोरी तिजमा सम्झी लिनलाई पठाइदेऊ ।
बाख्रा त चऱ्यो त्यो तारे भीरमा गाई चऱ्यो वनैमा
तिजमा पनि लिन नआए मन हुन्छ पिरैमा
वरै रोपेँ पीपलै रोपेँ सरोसै भनेर
नौ डाँडा कटाइ दियौ नि बाबा जे सुकै होस भनेर नि बाबा ।
सानोमा सानो हरियो मिडी, कम्मरमा कसेको
बाबा र आमा कसैले होइन कर्ममा बसेको नि बाबा कर्ममा बसेको ---२
लेक र बाट पानी है पऱ्यो खोलामा बग्यो भेल ।
बाबा र आमा कसैले होइन भाग्यमा भएको खेल नि आमा, भाग्यमा भएको खेल ।
(दुर्गा दाहाल, वर्ष ४०,वडा नं २)

**४) विकासको लागि अगाडि बढ्न सबै नारीलाइ आग्रह**

खुलाउन निकास सबै नारी
मिली गरौं देशको विकास
आज हाम्रो नेपालमा पाईंदैन निकास
सबै नारी मिले मात्र हुन्छ देशको विकास
खुलाउन निकास, सबै नारी मिली
गरौंन देशको विकास
उठ उठ नारी हो अब डर छैन,

एउटा मात्र हातले ताली बज्दैन ।
खुलाउन निकास सबै नारी मिली,
गरौँन देशको विकास
एउटा हात नारी हो, अर्को हात पुरूष हो
केही छैन फरक सबै बराबरी हो । (अम्बिका दाहाल, वर्ष ३५, वडा नं २)

**५) छोराछोरीलाई समान रूपले हेर्नुपर्ने**

दोलखाको मन्दिरैमा, सुनको गजुर
छोरीको बिलौना सुन्नुस् हजुर
एउटा हात छोरा हो अर्को हात छोरी हो
केही छैन फरक बराबरी हो ।
पढ्न जानु पर्छ भन्छौ, छोरा आफ्ना घर्कालाई
छोरी पढे भन्छौ चिठी, लेख्छे अर्कालाई
एकै कोखका छोरालाई आई. ए, बी. ए. पढाउने
म एउटी छोरीलाई बाख्रा चराउने ।
आजदेखि हामी पनि स्कुल पढ्न जानेछौं ।
अन्धविश्वास रूढि बन्द गर्नेछौं । (माइली अधिकारी, वर्ष ४० वडा नं १)

**६) छोरा र छोरीमा भेदभाव**

छोरा पाए आइ ए र बी ए पास,
म छोरीलाई रातदिनको दाउरा घाँस ।
छोरालाई स्कुलमा पढाउने
म छोरीलाई भीरबाट लडाउने ।
छोरा सरह छोरीलाई पढाइदेऊ
पढाइ लेखाइ सिपालु बनाइदेऊ ।
छोरी जति अर्काको घर जाने जात भनेर
भेदभाव नराख आफ्नै एउटै सन्तान ठानेर ।
छोरी सक्छन जुनसुकै काम गर्नलाई
अन्यायको बिरुद्ध लड्नलाई ।

पठाइदेऊ बाबा स्कुलमा पढ्नलाई
हाम्रो पनि हक छ है अघि बढ्नलाई ॥ ( पद्म कुमारी प्रसाई, वर्ष ५५,वडा नं १)

**७) छोरीलाई पनि राम्रो शिक्षा दिनु पर्ने**

छोरा पनि एकै कोखका छोरी वस्तु हेर्ने
अब आयो पालो छोरी पढाउने ।
पन्ध्र वर्ष नपुग्दैमा विहे दान गरेर
सुम्पि दिन्छन् अर्कालाई माया मारेर ।
सात भाइ छोरा भए पनि एकै घरमा अटाउने
म एउटी छोरीलाई नौ डाँडा कटाउने ।
बाबाले छोरी जिउँदैमा मारेर
धान भुटेर क्रियालाई सारेर ।
छोरी पनि सन्तानै हुँ यहि हिमाली काखका
उज्याला बत्ती हौं, यही नेपाली आमाका ॥ (मैया दाहाल, वर्ष ६०, वडा नं १)

**८) छोरीले पराइ घरमा गएर पीडा सहनु पर्दाको वेदना**

अर्काको घरमा चूलो, चौको गरेर
बस्नुपर्ने घरमा दुखः सहेर ।
लोग्ने आउँछ टिल्ल जाँड खाएर
जे मन लाग्यो भन्छ त्यही भन्छ हल्ली आएर ।
कहिले पनि हुने भएन म चेलीको ठाडो शिर
कहिले सम्म हुने होला यो मनमा पीर ।
कहिले सम्म रहने होला यो मनमा हाम्रो पिर
कहिले पनि हुने भएन यो मनमा थिर ।
मनको तान्द्राले लागिरहन्छ चिन्ता
कहिले आउला नारीलाई अब स्वतन्त्रता ॥ (न्याउरी दाहाल, वर्ष ७०, वडा नं १)

**९) छोरीको विलौना**

कस्तो रैछ छोरीको कर्म
रूँदैरूँदै अर्काको घरमा ।

छोरा जति यही घरमा अटाउने
म छोरीलाई नौ डाँडा कटाउने ।
छोरा भए समाजै रमाउने
छोरी भए मुटु नै कमाउने ।
हुर्केका हामी पनि आमाकै दूध पिएर
अघि बढौँ हृदयमा हिम्मत लिएर ।
बाबुले छोरी दिइ हाले लम्बरमा
नाम्लो डोरी टुटेन कम्मरमा ।
माथिबाट चरी झर्‍यो बसी हाल्यो रूख
सासू रैछिन हाम्रो घरमा कचकच गर्ने मुख ।
कस्तो रैछ छोरीको जुनी
जहाँ जन्म्यो त्यहीँ मरन नहुने ।
कस्तो रैछ छोरीको जात पनि
खान पाइन पाकेको भात पनि ।
वचन लाउँछन् खन्तीले खनेर
मेरो माइती टाढा छन् भनेर ।
आमा तिम्रो दूधको भाराले
पाइन बाटो आँसुको धाराले ॥ (कल्पना थापा, वर्ष २४, वडा नं. १)

**१०) अर्काको घरमा जानुपर्दाको पीडा**

नौ महिना कोखमा राखी जन्म दिनुभयो आमाले
काखमा राखेर हुर्काउनु भो बाबाले ।
कुसंस्कारको घरमा फेला परियो
घाँस काट्न सधैँभरि जानुपर्ने भीरैमा ।
म चेलीको मनमा कहिले आएन थिरैमा
ठाउँ भएन कतै बाबा मन बिसाउने
मै आउँदा घरमा सधैँ सासू रिसाउने ।
मोहि हेर्दा साङ्ला परेको, तरकारी माखा डुबेको

किन होला सासूज्यूले हेपोट गरेको ।
कालिञ्चोकको लेकमा चौँरी चऱ्यो खर्कमा
यसपालीको तिजैमा यो मन छैन हर्कमा ।
छोरीचेली भएर जन्म लियो दोलखामा
कस्तो दिनमा बसिएछ आमाको त्यो कोखमा ।
आज देखि अधिकार हक आफूले चलाउन
हिँड्यौँ हामी चरिकोट दोलखा अदालत समाउन ।
जब हुन्छ देशमा अनिष्ट
भिमेश्वरलाई चढ्दछ पसिना ।
त्यहि पसिना रूवाले पुछी दरबारमा ल्याई
धुप भेटी बोका पूजा गर्न पठाउँछन् त्यहीँ ।
भोग दिइ के दशा टर्दथ्यो
हुने कुरा भएर छाड्दथ्यो ।
२०५८ सालमा पटक पटक पसिना आई
पूजारीले दरबारमा रूवामा पुछी पठाई ।
तर पनि बीरेन्द्रको परिवारलाई भयो दुर्गति
आफन्त भनाउँदाले नै पारिदिए त्यो गति ॥ (निर्मला मगर, वर्ष ३७, वडा नं २)

**११) सासूको अवहेलना सहनु पर्दाको वेदना**

आकाशमा लाग्ने कालो मैलो बादल मजेरीमा लाग्यो लेउ ।
बाबा र आमाकी थिएँ प्यारी छोरी सासूको लागि भइयो लेउ ।
बाबाले दिएको हार लाउने श्रीफूल
आमाले दिएको सारी बरिलै
वर्ष दिनको तिजमा घरमा बस्न परेको
जुनेली भैदेउन रात बरिलै ॥ (कुमारी मगर , वर्ष २७,वडा नं २)

**१२) नेपालको ऐतिहासिकता**

बाबा बल्दरसिंह बेटा बेस उदय
महातारी तिम्रो गणेश कुमारीको कोखी पैदा भए ।

कटकबहादुर, भक्तबहादुर जंगबहादुर, शेरबहादुर रणदीप महाराज धीरशमशेर
आठ भाई मन्त्री उदय भयो पूर्व पश्चिम उत्तर दक्षिण हाइ पिँजाइ खाए रून न्याउलको भाँती
रानी चरी उडे जस्तो हुन्थ्यो मैयाँ महारानीको सवारी
तीन सहर नेपालमा वरिपरि घुम्दाखेरी
झल्को मान्छन् बाबुको घरीघरी ॥ (मखमली अधिकारी, वर्ष ३८, वडा नं २ )

१३) **लोग्नेको अवहेलना**

सिमसिम पानीमा घरमा सौता छ माइत सानीमा
पापी पोइले ल्याइ हाल्यो सौता
कति बस्नु गएर म माइत ।
सिमसिम पानीमा सिमसिम पानीमा
घरमा सौता छ माइत सानीमा
दुइटा बच्चा काखैमा च्यापेर,
बसी रहिछु बा आमाको इज्जत राखेर ।
म त फेरि गरिबकी छोरी,
भयो जीवन आँधी र भुमरी ।
असार पन्ध्र खाने दही चिउरा,
साउन पन्ध्र खाने खिर
कर्ममा लेख्या भएर छाड्छ
म मान्दिन अब पीर ॥ (अम्बिका दाहाल , वर्ष ३३, वडा नं १)

१४) **पढ्न नपाउँदाको वेदना**

माथिबाट चरी है झर्‍यो वरिलै चुच्चामा चारो छ
गनगने सासु फनफने नन्द वरिलै घर गर्न गाह्रो छ ।
नपढेको छोरी पढेकालाई दिएछन्
हाम्रा बाबा आमाले पापै लिएछन् ।
श्रीमान्ले भन्दा रैछन् केरालाई बनाना
जैले पनि सुन्थैं मैले भन्या मानिन ।

भन्दा रैछन श्रीमान्ले भातलाई राइस

त्यतिखेर म सुन्थेँ धेरै खाइस् ।

भन्दा रैछन श्रीमानले पानीलाई वाटर,

नबुझ्रेर दिएँ मैले काँचो कटर ।

भन्दा रैछन श्रीमानले स्याउलाई एप्पल

मैले दिएँ नबुझ्रेर थोत्रो चप्पल ॥ (सुशीला दाहाल, वर्ष ४२, वडा नं २)

**१५) आमाले अर्ती बुद्धि दिएको**

माइतमा बसेर घर जाने चेलीलाई ,

आमाले अह्राइसिकाई गर्नु बरिलै ।

धान कुट्नु छ भने एक पाइला अघि उठ्नु,

पहिला दैलो पोतेर धान कुट्नु ।

सासू र ससुराको धेरै सेवा गर्नु,

देवर र जेठाजूको शरण पर्नु ।

नन्द र आमाजूलाई मुखैले रिझ्राउनु,

देउरानी र जेठानीलाई माया बिझ्राउनु ।

स्वामीको अगाडि अँधेरी नहुनु

जति पीर परे पनि रुँदै नरुनु ।

यति गर्न सक्यो भने इन्द्रलोकमा लेखिन्छ,

नारीहरूले गरेको धर्म देखिन्छ ।

लुगा राम्रो हुन्छ साबुनले धोएर

लच्छिन हुन्न नारीलाई सधैं रोएर ॥ ( कुमारी मगर, वर्ष ३०, वडा नं ६)

**१६) भगवान् श्रीकृष्णको जन्म**

मध्यरात बाह्र बजे कृष्ण जन्म हुनुभो,

सबै जना खुसीले हर्षित हुनुभो ।

कंस राक्षस निदायो त्यति बेलामा,

सबै जना खुसीले नाचे मेलामा ।

वर्ष दिनको तिज घुमिफिरी आयो,

जमुना नुहाउन झरिन् बरिलै ।
काँधको सारी छेउमै राखी, जमुना नुहाउन झरिन् बरिलै
जमुना नुहाइ तिरमा आउँदा राखेको सारी छैन बरिलै ।
सोह्र सय गोपिनीको सारी हरियो,
कृष्णको दर्शन नपाइ यसै मरियो ।
भलले लग्यो भनौं भने पानी आको छैन,
मनुष्यले लग्यो भनी कोही छैन ।
सोह्र सय गोपिनीमा राधिका बाठी, कदमका बोटतिर हेरिन बरिलै
कदमको बोटमा मुरली ओठमा, कृष्णले मुरली बजाए बरिलै
ए कृष्ण जाली ल्याऊ मेरो सारी केकेमा हुर्मत लिन्छौ है ।
फूलमाला तोरन जुम्लै हात जोडन तबमा दिम्ला सारिया ॥(सरिता दाहाल, वर्ष३५,
वडा नं २)

**१७) दोलखाको रमणीय दृश्य**

वनको ढुकुर चरी धुरूमा धुरू रोकी छ
सैलुङ रनवन डुलेर सबै भुलेर हेर्ने धोको छ ।
बिरूवा बनको डाँफे र मुनाल सैलुङको मजुर
तामाकोशीको रमाइलो दृश्य हेर्न मलाई लैजाऊ है हजुर ।
वैशाखको टन्टलापुर घाम वर्षाको झरी सहेर
आनन्द लाग्छ मलाई कालिञ्चोक गएर ।
मार्बुवेशी पाक्यो गुहेली दोलखा बेसी पाक्यो पहेंलै धान
गर्मीको समय तामाकोशी जाँदा मनमा आउँछ आनन्द सान॥(सीता थापा, वर्ष ३०,
वडा नं २)

**१८) स्वामीले माया गर्दाको क्षण**

माया गर्दै पतिदेवले मलाई काखमा लिनुभो
हातमुख जतातती चुम्बन दिनुभो ।
कुतीकुती लगाएर पुऱ्याउनु भो गोठमा
मेरो ओठका लाली जति उनका ओठमा ॥ (विन्दा अधिकारी, वर्ष ३०, वडा नं २)

१९) **विपन्नताको पीडा**

असली त असली हाम्री सासू असली
दुई मुठी कनिका ठ्स्यास बसाली ।
भित्र बाहिर नन्द देवर बिरालाको छाउराझैं
खाने दाउन त्यही हो आमा सुकेँ दाउराझैं ।
यो घरको सम्पत्ति नखाई नलाई सकियो
बादलपाते लहराले कम्मर कसियो ।
बाँकी रहेको सम्मत्ति मैले होला कजाउने
कहिले होला बज्यैलाई शङ्ख बजाउने ।
यो घरको सम्मत्तिले गर्नुसम्म गऱ्याछ
मनको बह कहेर बाँच्नु पऱ्या छ ॥ (दुर्गा दाहाल, वर्ष २०, वडा नं २)

२०) **पतिको वियोग**

नौ वर्षको उमेरमा परलोक जानुभो
चुरा पोते सिन्दुर सबै शृंगार लानुभो ।
यति चाँडै खप्परमा बज्रपात परियो
नौ वर्षे उमेरमा शृंगार हरियो ॥ (रिमा दाहाल, वर्ष २०, वडा नं २)

२१) **माइत जान नपाउँदाको वेदना**

तिजको बेलैमा सबै जान्छन माइत
आफ्नो माइती कहाँ हो कहाँ लाग्छ बैराग ।
आफूलाई लिन पनि आउने कोही छैन
अर्काको माइतमा जान भएन ।
आमा भनी बोलाएको है भनिन झोकले
भाउजू रैछिन चूलामा मरेँ भोकले ।
दिइनन् खान भाउजूले रिस र झोकमा
खोजेर पाइन्न आमा बाबा यस लोकमा ॥ (नन्दकुमारी प्रसाई, वर्ष ५०, वडा नं १)

**२२) खान नपाउँदाको आक्रोश**

खोला खोला हिँड्ने कत्ले माछो
ढल्की ढल्की हिँड्ने चुच्चे बाम ।
आफूले खान लाउन नपाएको सम्पत्ति
चोरले चोरेको देख्न पाम ।
भीमसेन थानमा भीमेश्वर
दोभानघाटमा दोभानेश्वर ।
आफूले लाउन खान नपाएको सम्पत्ति
आइजन चोरेर लैजा न चोर ॥ (जानुका थापा, वर्ष ४०, वडा नं ३)

**२३) नारीको साहस**

गौरव सम्पूर्ण नेपाली नारीलाई
धन्यवाद वीर छोरी पासाङ्ग तिमीलाई ।
हिमालको काखमा जन्म लिएर
गयौ पासाङ सबैलाई साहस सिकाएर ।
साह्रै ठूलो साहस आँट हामीलाई जन्मायौ
आफ्नो नेपाल आमाको नाम चम्कायौ ।
शिखरमा जीवनको गर्‍यौ बलिदान
त्यसैले संसारमा अमर राख्यौ नाम ॥ (तारा सुवेदी, वर्ष २५, वडा नं २)

**२४) श्रीकृष्णको खोजी**

कहाँ लुक्न गयौ कृष्ण खोज्दा खोज्दै थाकिसकें
बाटो हिंड्ने बटुवालाई पनि मैले सोधिसकें ।
तिमीलाई भनी दही र मख्खन लुकाएर राखेथैं
तिम्रो पाउ धुनलाई गंगाजल ल्याएको थिएँ ।
कृष्ण तिमीलाई भेट्टाउन राधिकालाई गुहारेथैं
वृन्दा वनको कुन्ज जति सबै मैले चाहरेथैं ॥ (सरला घिमिरे , वर्ष ३३, वडा नं २)

२५) **धनी मानिसको जीवन**

श्रीफूल हो मेरो
टलटल टल्कनलाई ।
जीवन हो मेरो झलझल झल्कनलाई ॥ (लक्ष्मी खड्का, वर्ष ४०, वडा नं ३)

२६) **तिजको बेला माइत जान नपाउँदाको वेदना**

तिजको बेलामा जान पर्‍यो मेलामा
म छोरीको आँशु खस्यो दैला ठेलामा ।
छोरीको जन्म पनि किन दियौ रामले
मै छोरीको पीर मर्का बुझ्नु आमाले ॥ (रमीला घिमिरे, वर्ष ३४, वडा नं २)

२७) **पराइ घरको पीडा**

सुरिलो रूखको बाङ्खुरे हाँगो बरिलै चरीले टेकेको
बाबाले हैन आमाले हैन बरिलै भावीले लेखेको ।
चल्छ हुरी भाँचिन्छ हाँगो
पग्लन्छ गुँड पार्दिन्छ उदाङ्गो ।
मनमा पीर पर्‍यो नि पर्न त
पीर परेनी सक्दिन मर्न त ।
जति पीर परे नी खपेर
बसी रहेछु रामको नाम जपेर ।
यो मनमा  पीर पर्‍यो भारी
पाइन मैले बिसाउने चौतारी ।
आमा मेरो कर्म नै कालो छ
न समाउने न टेक्ने डालो छ । (इन्दिरा दाहाल , वर्ष २०, वडा नं २)

२८) **मनको विरह बेदना**

कति रुनु मेरी आमा निङ्रे वनको न्याउली झैँ
ज्यान सुकेर गइसक्यो वनको दाउरी झैँ ।
कहिले गर्नु घरजम कहिले गर्नु नोकरी
तरर झर्‍यो आँसु बन्यो पोखरी ।

तामाकोशी नदी बाढी आयो खानी खोला धाउँदा

कालो कपाल सेतै फुल्यो तिमीलाई भेट्न आउँदा ॥(निर्मला तमाङ वर्ष ४० वडा नं २)

**२९) बुहारी प्रति आक्रोश**

आकाशमा गड्याङगुडुङ बादलुले हो कि

जेठी भन्दा कान्छी राम्री गाजलुले हो कि ।

काम गर्नको दुःखले हामीले विवाह गरियो

मुखाले बुहारीको फेला परियो ।

घाँस काट्न पठाँउदा स्याउला ल्याइदिन्छे

भाँडा माझ्न पठाँउदा जुठै ल्याइदिन्छे ॥ (ध्रुव दाहाल, वर्ष ३०, वडा नं १)

**३०) भाउजू बुहारीबाट अवहेलना**

सम्झौली भाउजूले मैले ढिकी कुटेको

सम्झौली आमाले मैले हातो ठोकेको ।

सम्झौला दाजुले मैले पानी बोकेको

सम्झौला कान्छो भाइ मैले रोएको ।

सम्झौला बाबुले घाँसको भारी बोकेको ॥

आमा भनी बोलाएँ भाउजू ठस्स ठस्कने

भात खान बोलाएर च्याँख्ला पस्कने ।

जति दुःख परे पनि च्याँख्ला खाइँदैन

हे बुहारी तेरो घर फर्की आइँदैन ॥ (जुना अधिकारी, वर्ष २८, वडा नं ३)

**३१) कृष्णजी प्रतिको भक्तिभाव**

कालिञ्चोकबाट छम्मर नाच्दै

कृष्णजी झर्नुभो ।

मझेरी पोतेर फूल लिएर

दश औंला जोड्न ढिला हुने भो ।

दर्शन दिनुहोस् कृष्णजी दर्शन दिनुहोस् ॥

दर्शन पाउँला स्वर्ग हामी जाउँला

कृष्ण भगवानको शरण पाउँला ।

सीताले पानी खाने सुनको भारी
कहाँ गयौ सीता रानी रामको माया मारी ।
छल गरी रावणले लगे लंका पारी ॥ (साँहिली दाहाल, वर्ष ६०, वडा नं ३)

**३२) बुहारीले गरेको दुःखदायी व्यवहार**

काम गर्नको दुखले हामीले बिहे गरियो
मुखाले बुहारीको फेला परियो ।
हातको बाह्रमासे फूल हातमा ओइलायो
शीरै लाउने श्रीफूल तिमीलाई दिउँला ।
कानको कुण्डल बाँडालाई दिउँला
हाम्रो काखमा वाला बरुमा बताई देउन रे ॥ (उजेली दाहाल , वर्ष ४५, वडा नं ३)

**३३) छोरो हुँदाको हर्ष**

डाँडाघरे बजारमा स्टीलको लाइन
छोरो पाउने आमाको सुन बयान ।
पाँच वर्ष भयो बाबु स्कुलमा भरना
सक्दैन मेरो बाबु दुःख गरन ।
कलेजमा पढ्दा पहिला के थियो कबुल
अहिले किन गरेको धन सवाल ।
रक्सीको तालमा बाह्रपाना पढाउने
के गरेर भविष्य उज्ज्वल बनाउने ॥ (गोमा दाहाल, वर्ष १८, वडा नं १)

**३४) पराई घरमा रहँदाको बिलौना**

उडी आयो पिलेन कहाँ हो त्यसको गिरान
जन्माई हुर्काई गर्ने बा आमा भए बिराना ।
एक दिन ढिला भयो बिहान उठन
रननन कोठा थर्क्यो बज्यै बोल्दा ।
भात मीठो हुने रैछ अमिलेको तामाले
खप्टाई खप्टाई गाग्रीमा पानी बोक भन्छिन आमाले ।
काम मैले गरिन माइतीको घरमा

खलखल पसिना एकैछिन बसिन
झमक्क साँझ नपरी भित्र पसिन ॥ (प्रमिला थापा, वर्ष २५, वडा नं ४)

**३५) देशको बिग्रँदो गति**

धन आयो दौलत आयो महलैमा आको छ
जनताको छातीभित्र पैरो गाको छ ।
घाम लागे पनि देशले अझै मुक्ति पा छैन
नेपाली जनताको नयाँ तिज अझै आ छैन ॥
काटी खाने आँप त फोरी खाने ओखर
सधैं हामीले सुन्नु पर्छ तेरो के छ र ॥ (लीला भुजेल, वर्ष २३, वडा नं ४)

**३६) छोरीको हारेको कर्म**

हामरा बाबाको चार बैनी छोरीमा
सबै भन्दा अभागी मेरै करिम ।
बाबा ज्यूको चार तले महल
म छोरीलाई पऱ्यो छाप्रो घर ॥ (मैया अधिकारी , वर्ष ५०, वडा नं ४)

**३७) सासूले बुहारीलाई अन्याय**

को भनेर आएको कसको माया मानेको
कसले गरी दिया छ र बसी खाएको ।
हजुर लिन गएर त हो नि हामी आएको
अझै मलाई देख्नु हुन्छ बसी खाएको ।
फेरि मुख लाग्न थाली अघि अघि सरेर
अर्को विवाह गरिदिन्छु खालिस गरेर ।
हजुरका धाक रवाफले केही पनि गर्दैन
डराउली नि बुहारी त भन्नु पर्दैन ॥ (इन्दिरा दाहाल , वर्ष ३१, वडा नं १)

**३८) माइत जान नपाएको वेदना**

तिजको दिनलाई भाइ आयो लिनलाई
पठाइनन् सासूले दुवै दिनलाई ।

छोरी आइन भनेर आमा होलिन हुरूक्क
पीर नमान्नु दशैं तिहार आम्ला लुरूक्क ।
वल्लो खोल्सी पल्लो खोल्सी
खर्सेलाको खर्सो पात
सुन्नुहोला बुबा आमा मेरो पार्सिवात ।
अहिले हाम्रो नेपालमा नयाँ चलन आको छ
महाजनकी छोरी मास्टरनी ठूली नामकी छ ।
मास्टरनीको हातमा सिको घडी असल
अर्काको छोराले काट्यो कसल ॥ (सुनिता दाहाल,वर्ष २९ वडा नं ३)

**३९) शिक्षाबाट बञ्चित**

आओ दिदी बहिनी हो कुरा गरौं धेरै छ
जति काम गरे पनि हाम्लाई बेरै छ ।
घरको काम सकेर बाहिर काममा जानु छ
घरको सबै जना भन्दा पछि खानु छ ।
घरको धन्दा हाम्रै पेवा मेलापात हामीलाई
खान लाउन पछाडि पार्छन् बरिलै ।
त्यति मात्र हो अझ ठूलो घर छानेर
जबरजस्ती पठाइदिन्छन हातमा तानेर ।
कुटे पनि सहनै पर्ने लुछे पनि नरूने
जस्तै गाली गरे पनि बोल्नै नहुने ।
यस्तो हेला भएर बस्नुपर्ने गएर
अर्काको घरमा दासी भएर ॥ (निर्मला लामा, वर्ष ३८, वडा नं २)

**४०) भगवान्को प्रार्थना**

कहाँ जान आयौ तिमी रानी चरी बगाल
कालिञ्चोकी भगवतीलाई भेट्न आएको है ।
भगवान्लाई भेट्न हामी जान्छौं है
के के चाहिन्छ सोभित है ।

पहिलामा चाहिन्छ श्रीखण्ड चन्दन
दोसरी चाहिन्छ कुशै आसन ।
भगवान्लाई राम्रो लाग्छ बेलपत्रको फूल
भगवान्लाई राम्रो लाग्छ धूपै वासना ।
दोलखाको खेतै उज्यालो पहेँलै धानले
माइतीमा उज्यालो बाबा आमाले ।
कालिञ्चोक माथिबाट झरेकी पङ्खी बेग हानेकी
कौ जान दौडेकी तामाकोसी माई ।
घुमीफिरी आयो वर्षदिनको पञ्चमी
गोपिनी नुहाइ झरेकी होई ।
कुन बेला जाउली कुन बेला आउली
कुन बेला गरौली ऋषि देवको ध्यान ।
उदाउँदा जाउँला अस्ताए आउँला
मध्यान्ह गरौँला ऋषि देवको ध्यान ।
फुकै केस जुम्लै हात त्यसैमा ठूलो हाम्रो बरती है
आजको दिनभरि ठूलो हाम्रो बरती है ।
लेउन बाबा लेउन बाबा बरतीको दियो है
बारीको दियो चेलीको सातै भाइको साझी है
लैजाउ चेली लैजाउ चेली सुवर्णको दियो है ॥ (पद्यकुमारी प्रसाई, बर्ष ७५, वडा नं ३)

## परिच्छेद पाँच

### ५.. दोलखा नाम्दु गाविसमा प्रचलित तिजगीतको व्याख्या र विश्लेषण

दोलखा नाम्दु गाविसमा प्रचलित तिजगीतलाई धेरै प्रकारले व्याख्या र विश्लेषण गर्न सकिन्छ । यी तिजगीतलाई विषयका आधारमा, बनोटका आधारमा, अर्थका आधारमा र विविध आधारमा विविध किसिमले व्याख्या गर्न सकिन्छ ।

तिजगीत हिन्दू धर्म संस्कारमा प्रचलित लोकगीत हो । यसलाई पर्वगीत पनि भनिन्छ । हिन्हू धर्मावलम्बी नारीहरूले यो चाड मनाउने गर्दछन् । मुख्य गरी भाद्र शुक्ल तृतीयादेखि पञ्चमीसम्मलाई तिज भनिन्छ । शुक्ल अष्टमीका दिनदेखि नै श्रीकृष्णको जन्मोत्सवको खुसीयालीमा तिज गीत गाइन्छ । देवताको सुरक्षार्थ, कंस-वधको प्रतीक कृष्णलीलामा आधारित छ । यसका साथै नारीहरूका दुःख, दर्द,  व्यथा, बेदना, हर्ष, विस्मात र विभिन्न भावका गीतहरू तिज गीतपर्वमा गाइन्छन् ।

यसरी नाम्दु गाविसका महिलाहरूले पनि अष्टमीको दिनदेखि भाद्र शुक्ल  द्वितीयाको दिनसम्म कृष्ण जन्मलीला गाउँछन् यी गीतहरूले धार्मिक अनुष्ठान बोकेका हुन्छन् ।

**यिनै आधारमा तिजगीतलाई  भाद्र शुक्ल द्वितीयादेखि चौथीसम्म गाइने गीत र पञ्चमीका दिनमा गाइने गीत गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।**

५.१ तृतीयादेखि चौथीका दिनसम्म गाउने गीतहरू

५.२ पञ्चमीका दिनमा गाउने गीतहरू

### ५.१ तृतीयादेखि चौथीका दिनसम्म गाउने गीतहरू

तृतीयाका दिनभन्दा अगाडि सम्पूर्ण हिन्दू नारीहरू पार्वतीकै नियमअनुसार मीठा खानेकुराहरू खाँदै साँझमा गीत गाउँछन् । तृतीयाको दिनको अघिल्लो दिनलाई दर खाने दिन भनिन्छ । त्यसदिन बेलुका मात्र नभई मध्यरातमा पनि दर पकाएर खाने परम्परा छ । तृतीयाको दिन विहानै उठी नुवाइ-धुवाइ गरी आफ्ना शृंगार र नयाँ लुगा र गहना लगाई दिदी बहिनीसँग भेला भई विभिन्न प्रकारका गीतहरू गाएर रमाइलो गर्ने प्रचलन छ यी गीतहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### ५.१.१ विषयवस्तुका आधारमा

तिजको गीत पनि लोकगीत अन्तर्गतको पर्वगीत हो । चाडपर्व समाजमा मनाइने हुनाले यसको प्रमुख स्रोत समाज र समाजका मानिस हुन् । तिजगीतको प्रमुख स्रोत भनेको समाजका नारी हुन् । तिजगीतमा नारी मनका पीडा, व्यथा, वेदना, हर्ष, विस्मात जस्ता अभिव्यक्तिहरू अभिव्यक्त गरिन्छ । आन्तरिक मनको बिद्रोहलाई नारीले सरस र मार्मिक रूपमा गीतका माध्यमबाट जनसमक्ष प्रस्तुत गर्दछन् तिजका गीतले सांस्कृतिक पर्वलाई निरन्तरता दिने हुनाले सांस्कृतिक विषयवस्तुलाई समेटेको हुन्छ । नाम्दु गाविसका तिजगीत विषयवस्तुको आधार मानेर निम्न अनुसार विभाजन गरिन्छ ।

#### क) सामाजिक गीतहरू

मानिस सामाजिक प्राणी हो । मानिसले समाजभित्र रहेर धर्म, संस्कृति, रहन सहन रीतिरिवाजलाई पालना गर्दै आफ्नो मानव अस्तित्व जगेर्ना गर्दै आएको पाइन्छ । त्यसैको परिधिमा रहेर तिजको गीत बन्ने गर्दछ । गीतले प्रत्येक समाजको चित्रण गर्दछ । तिजगीतले नारीको आन्तरिक मन मस्तिष्क र बाह्य जीवनलाई व्यक्त गर्दछ । नाम्दु गाविसमा प्रचलित सामाजिक गीतका केही नमुनाहरू प्रस्तुत गरिएको छ ।

माइतमा बसेर घर जाने चेलीलाई,<br>
आमाले अह्राई सिकाइ गरे बरिलै ।

**अर्को नमुनाः**

तिजको बेलामा सबै जान्छन् माइत<br>
आफ्नो माइती मुग्लान पारी छैन साइत ।<br>
साहुले गर्दा गए माइती नवै डाँडा काटेर,<br>
दुखः पर्दा रुन्छ मेरो मनै फाटेर ।<br>
तिजको बेलामा सबै जान्छन् मेलामा<br>
मैं छोरीको आँसु खस्यो दैला ठेलामा ।<br>
म छोरीको कस्तो हारेको कर्म,<br>
रुँदै रुँदै जानुपर्ने अर्काको घरमा ।

कालिञ्चोकको लेकमा चौरी चर्‍यो खर्कमा
यसपालिको तिजैमा यो मन छैन हर्कमा ।
कस्तो दिनमा बसिएछ आमाको कोखमा
छोरी चेली भएर जन्म लिइयो दोलखामा ।
हनुमन्ते जिरीमा धेरै हावा लाइरहने
गल्ती बिराम नभएनिअपजस आइरहने

**ख) राजनीतिक गीतहरू**

देशमा विद्यमान राजनीतिक विषयवस्तुलाई समेटेर गाइने गीतलाई राजनीतिक गीत भनिन्छ । यस क्षेत्रमा प्रचलित राजनीतिक गीतहरू निम्नानुसार छन् :

हेपिएका नारी जति उठ जुरूक्क
आजदेखि अधिकार हक आफूले चलाउन
हिँड्यौं हामी चरिकोट दोलखा हक जमाउन ।
उठ उठ नारी हो अब डर छैन
नारी पनि नउठी अब हुँदै भएन ।
नारीको जीवन त पिँजडाको चरी झैँ
मन रून्छ दिदी बहिनी साउने झरी झैँ ।
रूखो बोली सहनु पर्ने नारी हामी चेलीले
कहिले पनि छोडेन नि घाँसको भारीले ।
देशको सेवा गर्छु भनी खानु पर्छ सपथ
जुरमुराउँदै उठ अब नारी जगत ।
दोलखा बासी दिदी बहिनी लागौं नयाँ तिज ल्याउनलाई
जुगदेखि हेपिएको साटो फेर्नलाई ।
नेपाल आमा रोएकी नारी जाग भनेर
अब हामी हिँड्नुपर्छ आँधी बनेर ॥

**ग) धार्मिक गीतहरू**

धर्ममा आधारित तिजगीतलाई धार्मिक तिजगीत भनिन्छ । जुनसुकै क्षेत्रको तिजको गीत भए पनि त्यहाँको लोकमानस संस्कृति, परम्परा र रीतिरिवाजले प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित पारेको हुन्छ । गीतका माध्यमबाट त्यस क्षेत्र तथा देशको लोकमानसको रीतिस्थिति परम्परा धर्म संस्कृति झल्किन्छ । त्यस्ता गीतलाई धार्मिक तिजगीत भनिन्छ । यस गाविसका अधिकांश नारीहरूमा परम्परादेखि नै धार्मिक विश्वास रहेकाले उनीहरूले पनि यस्ता प्रकारका तिजगीतहरू गाउने गर्दछन् । ती यस प्रकार छन् ।

कहाँ जान आयौ तिमी रानी चरी बगाल
कालिञ्चोकी भगवतीलाई भेट्न आएको है ।
भगवान्लाई भेट्न हामी आएको है
भगवान्लाई भेट्न हामी जान्छौँ है ।
के के चाहिन्छ सोभित है
पहिलामा चाहिन्छ श्रीखण्ड चन्दन
दोसरी चाहिन्छ कुशै आसन ।
भगवान्लाई राम्रो लाग्छ बेलपत्रको फूल
भगवान्लाई राम्रो लाग्छ धूपै बासना ।

**घ) आर्थिक जीवनको चित्रण**

जीवनको अति आवश्यक पक्ष आर्थिक हो । आर्थिक आर्जनका लागि मानिसले विभिन्न पेसामा आबद्ध हुनुपर्छ । समाजमा धनी र गरिब दुई वर्ग छन् । धनी वर्गले सुखी र सम्पन्न जीवनयापन गर्दछन् भने आफूभन्दा विपन्न वर्गलाई हेप्ने, होच्याउने, अर्काको सम्पत्ति हडप्ने जस्ता अमानवीय घृणित व्यवहार गर्दछन् । गरीबहरू आर्थिक असक्षमता, गरिबी र अशिक्षाका कारणले झुत्रे झाम्रे कपडा लगाएका, पारिवारिक काज गर्न नसकेका, स्वास्थ्योपचार गर्न नसक्ने अवस्थाका हुन्छन् । समाजमा धनीको पक्ष लिने परम्परा चलिआएको पाइन्छ भने गरिबलाई उपेक्षाका भावले व्यवहार गर्ने गरेको पाइन्छ । तल्लो वर्गका मानिसलाई सबैले हेला गर्ने हुँदा थिचोमिचोमा चेपिएर बसेका हुन्छन् र दयनीय

अवस्थामा दिन बिताउनु परेको हुन्छ । त्यस्तै अवस्था दोलखा नाम्दु गाविसमा पनि रहेको पाइन्छ । त्यहाँ दयनीय किसिमका तिजका गीत घन्कने गर्दछन् ।

असली त असली हाम्री सासू असली
दुई मुठी कनिका ठ्यास्स बसाली ।
भित्र बाहिर नन्द देवर बिरालाको छाउराझैँ
खाने दाउन त्यही हो आमा सुकेँ दाउराझैँ ।
यो घरको सम्पत्ति नखाई नलाई सकियो
बादलपाते लहराले कम्मर कसियो ।
बाँकी रहेको सम्पत्ति मैले होला कजाउने
कहिले होला बज्यैलाई शङ्ख बजाउने ।
यो घरको सम्पत्तिले गर्नुसम्म गर्‍याछ
मनको बह कहेर बाँच्नु पर्‍या छ ॥

**ङ) ऐतिहासिक पक्षको चित्रण**

इतिहासमा प्रसिद्धि पाएका स्थान, व्यक्ति वा किम्बदन्तीमा आधारित भएर गाइने गीतलाई ऐतिहासिक तिजगीत भनिन्छ । इतिहासले हरेक वर्तमानको समयसँग सामञ्जस्य राख्ने गर्दछ । आजको वर्तमान भोलिको इतिहास बन्दछ । इतिहासबाट प्रेरणा प्राप्त भई स्थान, व्यक्ति, घटना तथा किम्बदन्ती आ-आफ्नै खालका हुन्छन् । नाम्दु गाविसमा प्रचलित तिजगीत यसप्रकार छन् ।

बाबा बल्दरसिंह कुँवरको बेटा बेस उदय
महातारी तिम्रो गणेश कुमारीको कोखी पैदा भए
कटकबहादुर, भक्तबहादुर ,जंगबहादुर, बमबहादुर ,रणद्धिप महाराज धीरशमशेर
आठ भाइ मन्त्री उदय भयो
पूर्व पश्चिम उत्तर दक्षिण हाइ दुवै डङक पिँजाइ खाए रून न्याउलको भाँती
रानी चरी उडे जस्तो हुन्थ्यो मैयाँ महारानीको सवारी
तीन शहर नेपालमा वरिपरि घुम्दाखेरी

### च) प्रकृति चित्रणका गीतहरू

लोक जीवनभित्र आफ्ना आँखाले देखे सुनेका, आफूले भोगेका, व्यवहारमा उतारेका कुरा प्रकृतिलाई लोकगायकले टिपेका हुन्छन् । प्रकृति चित्रण भएका तिजगीतमा पहिला पङ्क्तिमा प्रकृति वर्णन र दोस्रो पङ्क्तिमा अर्थतात्त्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । ६ ऋतुमा देखिने प्रकृतिका विविध दृश्यलाई तिजगीतमा वर्णन गरिएको हुन्छ । वसन्त ऋतुमा देखिने हरियाली, चराका चिच्याहट आवाज, घाँसका पालुवा टिपेर त्यहाँ स्वतन्त्र रूपमा रमाइरहेका मृग शावकहरूको वर्णन गरी झरी वादल, असिना पानी, वर्षा, बिजुली चम्काई, बाढी पहिरो वर्णन हुन्छ । लहलह पहेँला झुलेका धानका बालाहरू आदिको पनि वर्णन गरेको पाइन्छ । यस्ता खालका गीतहरू नाम्दु गाविसमा पाइने र गाइने तिजगीत हुन् । तिजगीत विभिन्न थेगो मिलाएर गाइन्छ , जस्तै :

शैलुङ् बनको ढुकुर चरी धुरू धुरू रोकी छ
शैलुङ् रनवन डुलेर सबै भुलेर हेर्ने धोको छ ।
बिरुवा वनको डाँफे र मुनाल शैलुङ्को मजुर
तामाकोशीको रमाइलो दृश्य हेर्न मलाइ लैजाउ है हजुर ।
वैशाखको टन्टलापुर घाम वर्षाको झरी सहेर
आनन्द लाग्छ मलाई कालिञ्चोक गएर ।
मार्बुवेशी पाक्यो गुहेली दोलखा बेसी पाक्यो पहेँलै धान
गर्मीको समय तामाकोशी जाँदा मनमा आउँछ आनन्द सान ॥

### ५.१.२ रसका आधारमा तिजे गीतको वर्गीकरण

साहित्यिक रचना विशेषबाट पाइने आन्दानुभूतिलाई रस भनिन्छ । रसबाट आनन्द प्राप्त हुन्छ । (पौड्याल: २०५८, पृष्ठ: १९) रस ब्रहमानन्द हुन्छ । रसबाट आनन्द प्राप्त हुन्छ । त्यसैले रसलाई ब्रहमानन्द सहोदर भनिएको छ । विभाव, अनुभाव र सञ्चारी भावको संयोगबाट रसको उत्पत्ति हुन्छ ।

दोलखा नाम्दुमा गाइने तिजगीतमा विशेष गरेर शृंगार, करुण, हाँस्य, वीर र शान्त रसको प्रधानता रहेको छ । अधिकांश गीतमा श्रृंगार र करूण रस बढी पाइन्छ ।

**क) शृंगार रस :** अनुरागमा बाँधिएका नायक नायिकाको प्रेमको वर्णन भएको रसलाई शृंगार रस भनिन्छ । यसको स्थायी भाव रतिहो । नायक नायिका आलम्बन विभाव हुन एकान्त उपबन उद्दीपन विभाव आदि : कटाक्ष दृष्टि र लज्जा व्यभिचार भाव हुन् । नाम्दु गा.वि.स को तिजगीतमा पनि शृंगार रसको गीत गाएर आफ्ना भावलाई व्यक्त गर्न चलन छ । यस गा. वि.स मा प्रचलित तिजगीतको उदाहरण यस प्रकार छ ।

माया गर्दै पतिदेवले मलाई काखमा लिनुभो
हातमुख जताततै चुम्बन दिनुभो
कुतीकुती लगाएर पुऱ्याउनु भो गोठमा ।
मेरो ओठको लाली जति उनका ओठमा ॥

**अ) वियोग शृंगार** : प्रियजनको विछोडमा आउने विरह, वेदनाजन्य अभिव्यक्तिमा प्रवाह हुने गीत वियोग शृंगार हो । यसमा विरह, व्यथाका उद्‌गार आउँछन । नाम्दु गाविसको तिजगीतमा पनि यस्तै मार्मिक अभिव्यक्ति पाइन्छ  जस्तैः

नौ वर्षको उमेरमा परलोक जानुभो
चुरा पोते सिन्दुर सबै शृंगार लानुभो
यति चाँडै खप्परमा बज्रपात परियो
नौ वर्षे उमेरमा शृंगार हरियो ।

**ख) करुण रसः** प्रियजनको वियोग र तिनको विपत्ति देखेर वा सुनेर मनमा उत्पन्न हुने विकल्ताबाट करुण रस उत्पन्न हुन्छ । मृत व्यक्ति आलम्बन विभाव हुन् । प्रियजनको सम्झना, शव दर्शन उद्दीपन विभावन हुन् । रोदन, प्रलाप, मुच्छा अनुभावन हुन् । मोह स्मृति, ग्लानि सञ्चारी भाव भएको करुण रसको स्थायी भाव हो ।   नारीहरूद्वारा गाइने तिजगीतमा प्रायः करूण रस हुन्छन् । घरका सदस्य परदेश जाँदा छोरी घर पठाउँदा, बाढी पहिरो आउँदा जनजीवन प्रभावित पार्दा, छोरी चेलीलाई तिजमा लिन पठाउन नपाउँदा मनमा पर्ने गहिरो चोटलाई करूण रसको गीत गाएर मनलाई हलुका पारिन्छ । यस गाविसमा प्रचलित करूण रसमय तिजगीतको नमुना :

तिजको बेलैमा सबै जान्छन् माइत
आफ्नो माइती कहाँ  हो कहाँ लाग्छ बैराग ।
आफूलाई लिन पनि आउने कोही छैन

अर्काको माइतमा जान भएन ।

आमा भनी बोलाएको है भनिन् झोकले

भाउजू रैछिन चूलामा मरैं भोकले ।

दिइनन् खान भाउजूले रिस र झोकमा

खोजेर पाइन्न आमा बाबा यस लोकमा ॥

**ग) हाँस्य रस :** शारीरिक, मानसिक, भाषिक, रूप, आकार पहिरन र विभिन्न कार्यमा विकृत भएपछि  हाँस्य रस उत्पन्न हुन्छ । सामाजिक विसंगति र विकृतिलाई हाँस्ने र छेड हान्ने खालका तिजगीत पनि प्रशस्त मात्रामा गाइन्छ । हाँस्य रसका तिजगीत व्यंग्यात्मक शैलीका हुन्छन् । हाँस्य रसयुक्त नमुना :

खोला खोला हिँड्ने कत्ले माछो

ढल्की ढल्की हिँड्ने चुच्चे बाम ।

आफूले खान लाउन नपाएको सम्पत्ति

चोरले चोरेको देख्न पाम ।

भीमसेन थानमा भीमेश्वर

दोभानघाटमा दोभानेश्वर ।

आफूले लाउन खान नपाएको सम्पत्ति

आइजन चोरेर लैजा न चोर ॥

**घ) वीर रसः**  युद्ध शत्रुका हाँकलाई हटाउन धर्म कर्ममा प्रवृत्त हुनाका निम्ति हाम्रो मनमा असहमति युद्ध, वीरता एवं पराक्रम सँग सम्बद्ध गीतलाई नै वीररसयुक्त तिजगीत भनिन्छ । मन स्वस्फूर्त जागृत भएर आउँछ र वीर रसको उदय हुन्छ । देश र समाजलाई भलो हुने काम र भावनाको प्रस्फुटन हुन्छ  यस गीतमा पनि वीररसयुक्त तिजगीत नाम्दु गाविसमा पनि प्रशस्त रहेको पाइन्छ । एउटा उदाहरण हेरौं ।

गौरव सम्पूर्ण नेपाली नारीलाई

धन्यवाद वीर छोरी पासाङ्ग तिमीलाई ।

हिमालको काखमा जन्म लिएर

गयौ पासाङ्ग सबैलाई साहस सिकाएर ।

साह्रै ठूलो साहस आँट हामीलाई जन्मायौ

आफ्नो नेपाल आमाको नाम चम्कायौ ।

शिखरमा जीवनको गऱ्यौ बलिदान

त्यसैले संसारमा अमर राख्यौ नाम ॥

**ङ ) शान्त रसः** सांसारिक अनित्यता, एक किसिमको संसारप्रतिको वितृष्णाको भाव शान्त रस हो । यसमा स्थायी भाव वैराग्य हुन्छ । सांसारिक अनित्यता, दुःखमय संसारको ज्ञान, परमात्माको स्वरूप आदि आलम्बनका रूपमा हुन्छन् । आश्रय तीर्थस्थल, तीर्थयात्रा, धर्मोपदेश आदि उद्दीपन विभाव हुन् । यसको उत्पत्ति मोक्ष र आध्यात्मिक भावनाबाट भएको हुन्छ । तिजगीतमा यसलाई वात्सल्य र भक्तिसको परिधिभित्र बाँध्न सकिन्छ । यस रसको तिजगीतको नमुना हेरौँ ।

कहाँ लुक्न गयौ किस्न खोज्दा खोज्दै थाकीसकेँ

बाटो हिँड्ने बटुवालाई पनि मैले सोधिसकेँ ।

तिमीलाई भनी दही र मख्खन लुकाएर राखेथेँ

तिम्रो पाउ धुनलाई गंगाजल ल्याएको थिएँ ।

किस्न तिमीलाई भेट्टाउन राधिकालाई गुहारेथेँ

वृन्दा वनको कुञ्ज जति सबै मैले चाहरेथेँ ॥

### ५.१.३ लयका आधारमा

लयका आधारमा तिजगीतलाई तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ । लय भनेको आकार प्रकार र लम्बाइ हो । ती निम्न अनुसार छन् क) लघु ख) मध्यम ग) वृहत

**क) लघु :** छोटो आकारको गीत लघु प्रकारको हुन्छ । यसका प्रत्येक हरफमा १०-१२ अक्षरको हुन्छ । यो गाउँदा पनि द्रुत लयमा गाइन्छ, जस्तै :

श्रीफूल हो मेरो टलटल टल्कनलाई

जीवन हो मेरो झलझल झल्कनलाई

**ख) मध्यम :** लघु भन्दा लामो आकार र वृहत भन्दा छोटो आकार भएको गीत मध्यम गीत हो । यसका प्रत्येक हरफमा १२-१४ अक्षर हुन्छन् । जस्तै :

तीजको बेलामा जानु पऱ्यो मेलामा

म छोरीको आँशु खस्यो दैला ठेलामा

छोरीको जन्म पनि किन दियौ रामले

मै छोरीको पीर मर्का बुझ्नु आमाले ।

**ग) वृहत :** २०-२१ अक्षरदेखि ३०-३१ अक्षरसम्मको गीतलाई वृहत आकारको गीत भनिन्छ । जस्तै :

सुरिलो रुखको बाङ्खुरे हाँगो बरिलै चरिले टेकेको नि बरिलै चरिले टेकेको

बाबाले हैन आमाले हैन बरिलै भावीले लेखेको नि बरिलै भावीले लेखेको

### ५.१.४ अलङ्कारका आधारमा

अलङ्कारले सोभित र शृंगार गर्ने काम गर्दछ । साहित्यलाई सुन्दर बनाउनका लागि अलङ्कारको प्रयोग गरिन्छ । शब्दार्थको बक्रोत्ति नै अलङ्कार हो । वामनका अनुसार सौन्दर्यलाई अलङ्कार भनिन्छ भने रुद्रटका अनुसार विशिष्ट उक्तिलाई अलङ्कार मानेको पाइन्छ । तिजगीतमा अलङ्कारको प्रयोग परम्परायुक्त नभएर मौलिक र नवीन किसिमले भएको हुन्छ । शिष्ट साहित्यमा जस्तैः सचेत रूपमा अलङ्कारको प्रयोग नगरिए पनि सहज रूपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । तिजगीतमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको पाइन्छ ।

**क ) शब्दालङ्कारः**

साहित्यमा शब्द प्रयोगमा सौन्दर्य र चमत्कारपूर्ण प्रयोगलाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कारका विभिन्न भेद भए पनि तिजगीतमा मुख्य गरी अनुप्रासं र श्लेष अलङ्कारको मात्र चर्चा गरिएको छ ।

**अ) अनुप्रास :**

स्वर वर्ण भएपनि नभए पनि व्यञ्जनको समता भए अनुप्रास अलङ्कार हुन्छ यस वर्णमा क्रमिक विन्यास हुन्छ । अनुप्रास अलङ्कारमा एउटा वर्णपछि उही वर्णलाई बारम्बार दोहराइन्छ । अनुप्रासको उदाहरण यसप्रकार छ ।

चल्छ हुरी भाँचिन्छ हाँगो

पग्लन्छ गुँड पार्दिन्छ उदाङ्गो ।

मनमा पीर पऱ्यो नि पर्न त

पीर परेनि सक्दिन मर्न त ॥

**आ) श्लेष :**

शिलष्ट वा अनेकार्थक शब्दबाट अनेक अर्थ निस्किए  श्लेष अलङ्कार हुन्छ । श्लेषको अर्थ एउटै शब्द वा वाक्यबाट दुई किसिमको अर्थ निस्किन्छ । नाम्दु गा.वि.स का गीतमा पनि श्लेष अलङ्कारको प्रयोग विभिन्न स्थानमा पाइन्छ , जस्तैः

नाच्ने गाउने साहसै छैन चाहन्छन् सबै पल्टनै
खुला दोकान को राख्छ गलेबन्द भए कुनै ।

**ख) अर्थालङ्कार** : शब्दको अर्थमा मात्र चमत्कार र सौन्दर्य उत्पन्न भयो भने अर्थालङ्कार हुन्छ। यसमा शब्द वैशिष्टय भन्दा अर्थगत वैशिष्टयको चमत्कारले सौन्दर्य थपेको हुन्छ । यस गाविसमा प्रचलित तिजगीतमा देखिएका अर्थालङ्कारको उदाहरण यस प्रकार छ ।

**अ) उपमा :**  उपमाको शाब्दिक अर्थ नजिकै राखेर त्यसमा समानता देखाउनु हो । उपमेय र उपमानका बीच रूप, गुण, क्रियाको समानता देखाउँदा उपमा अलङ्कार हुन्छ । यसमा एक वस्तुलाई अर्को वस्तुमा दाँजेर हेरिन्छ । लोक कविको उपमाको प्रयोग सहज र स्वभाविक रूपमा प्रकट हुन्छन् । जस्तै :

कति रुनु मेरी आमा निङ्रे वनको न्याउली झैँ
ज्यान सुकेर गइसक्यो वनको दाउरी झैँ ।

**आ) रूपक :**

रूपको आरोप गर्नु रूपक हो । रूपसाम्य वा कामसाम्यले गर्दा उपमेयको निषेध नगरी उपमेय र उपमानको बीच अभेदमूलक आरोप गरिएमा रूपक अलङकार हुन्छ । उपमामा उपमेयको आरोप नै रूपक हो । एउटा वस्तुलाई अर्को वस्तुमा राख्नु नै रूपक अलङ्कारको विशेषता हो । जून जस्ती मायालु भन्दा उपमा हुन्छ भने मायालु नै जून भन्दा रूपक हुन जान्छ । यहाँ दिइएको गीतमा पनि अलङ्कारको प्रयोग गरिएको पाइन्छ , जस्तैः

कहिले गर्नु घरजम कहिले गर्नु नोकरी
तरर झऱ्यो आँसु बन्यो पोखरी ।

**इ) उत्प्रेक्षा :**

प्रस्तुतमा अप्रस्तुतको सम्भावना वा कल्पना उपमेय र उपमाको सम्भावना कल्पित गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ। यस अलङ्कारमा उपमेय नै उपमान हो कि भन्ने सम्भावना जनाइन्छ। जस्तै :

आकाशको गड्याङगुडुङ बादलुले हो कि।
जेठी भन्दा कान्छी राम्री गाजलुले हो कि॥

**ई) दृष्टान्त :**

समान धर्म भएका विभिन्न वस्तुहरूको बिम्ब प्रतिबिम्ब भाव व्यक्त गरिएमा दृष्टान्त अलङ्कार हुन्छ , जस्तै :

यो मनमा पीर पऱ्यो भारी
पाइन मैले बिसाउने चौतारी।
आमा मेरो कर्म नै कालो छ
नसमाउने न टेक्ने डालो छ।

**उ ) स्वभावोक्ति :**

कुनै पनि व्यक्ति वस्तुको बानी व्यहोरा गुण र दृश्यको यथार्थ चित्रण गरिएमा स्वभावोक्ति अलङ्कार हुन्छ , जस्तै :

तामाकोशी नदी बाढी आयो खानी खोला धाउँदा
कालो कपाल सेतै फुल्यो तिमीलाई भेट्न आउँदा।

**ऊ) अतिसयोक्ति :**

अभिव्यक्तिलाई प्रभावशाली पार्न लोक प्रसिद्ध उक्तिलाई उछिन्दै बढाइचढाई गर्दै कुनै विषयको वर्णन गर्नु अतिसयोक्ति हो। यसमा स्वभावोक्ति कुरालाई अस्वभाविक कुरामा प्रस्तुत गरिएको हुन्छ , जस्तै :

काम गर्नको दुःखले हामीले विवाह गरियो
मुखाले बुहारीको फेला परियो।

घाँस काट्न पठाउँदा स्याउला ल्याइदिन्छे
भाँडा माझ्न पठाउँदा जुठै ल्याइदिन्छे ॥

### ५.१.५ भाषा शैलीका आधारमा

मनका भावलाई अरू छेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूका समूहलाई भाषा भनिन्छ । भाषाले भावलाई गतिशील र जीवन्त बनाउँछ । भाषिक अभिव्यक्तिमा शैलीको अर्थ अभिव्यक्ति गर्ने तरिका हो। तिजगीतमा सरल भाषाको प्रयोग गरिन्छ । यसमा प्रयुक्त भाषा सहज र स्वभाविक हुन्छ ।  तिजगीत व्याकरण भन्दा पनि लोक हृदयसँग बढी निकट रहेको र लोक काव्यात्मक भाषा शैली नै यहाँको तिजगीतमा प्रयोग भएको पाइन्छ । यहाँ पाइने तिजगीतमा जुन भाषाको प्रयोग भएको छ त्यसको सेरोफेरो लोकजीवन हो । लोकगीतमा सरलता, सरसता र बोधगम्यता पाइन्छ । भाषा शैलीका आधारमा नाम्दु गाविसका तिजगीतलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

**क) झर्रा ठेट शब्दहरू :**

तिजगीतमा झर्रा ठेट शब्दहरूको यथेष्ट प्रयोग भएको पाइन्छ । यसका उदाहरणहरू यस प्रकार छन् ।

सम्झौली भाउजूले मैले ढिकी कुटेको
सम्झौली आमाले मैले हातो ठोकेको ।
सम्झौला दाजुले मैले पानी बोकेको
सम्झौला कान्छो भाइ मैले रोएको ।
सम्झौला बाबुले मैले घाँसको भारी बोकेको
आमा भनी बोलाएँ भाउजू ठस्स ठस्कने ।
भात खान बोलाएर च्याँख्ला पस्कने
जति दुःख परे पनि च्याँख्ला खाइँदैन ।
हे बुहारी तेरो घर फर्की आइँदैन

यसरी ढिकी, हातो, पानी, घाँस, ढिँडो आदि झर्रा ठेट शब्दहरूबाट तिजगीत बनेको हुन्छ ।

**ख) तत्सम शब्दहरू:**

संस्कृतबाट सिधै नेपालीमा प्रयोग भएका शब्दहरूलाई तत्सम शब्दहरू भनिन्छ ।

जस्तै :

कालिञ्चोकबाट छम्मर नाच्दै
किस्नजी झर्नुभो
मझेरी पोतेर फूल लिएर
दश औँला जोड्न ढिला हुने भो
दर्शन दिनुहोस् किस्नजी दर्शन दिनुहोस्
दर्शन पाउँला स्वर्ग हामी जाम्ला
किस्न भगवान्को शरण पाउँला
सीताले पानी खाने सुनको झारी
कहाँ गयौ सीता रानी रामको माया मारी
छल गरी रावणले लगे लंका पारी

यसरी  दर्शन चक्र, लीला स्वर्ग, भगवान, सीता, राम, रावण, आदि तत्सम शब्दहरूबाट तिजगीत बनेको हुन्छ ।

**ग) तद्भव** :

संस्कृतबाट नेपालीमा आउँदा रूप परिवर्तन भएर आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ । तिजगीतमा प्रयुक्त भएका केही तद्भव शब्दहरूको नमुना :

काम गर्नको दुखले हामीले बिहे गरियो
मुखाले बुहारीको फेला परियो
हातको बाह्रमासे फूल हातमा ओइलायो
शिरै लाउने श्रीफूल तिमीलाई दिउँला
कानको कुण्डल बाँडालाई दिउँला
हाम्रो काखमा वाला वरूमा बताई देउन रे

यसरी कान, हात, पाउ, जेठी आदि तद्भव शब्दहरूबाट तिजगीत बनेका छन् ।

**घ) आगन्तुक शब्द** :

संस्कृत भाषा बाहेक अन्य भाषाबाट नेपालीमा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । नाम्दु गाविसमा पनि आगन्तुक शब्द प्रयोग भएका गीतहरू गाउने प्रचलन छ । जस्तै :

डाँडाघरे बजारमा स्टीलको लाइन
छोरो पाउने आमाको सुन बयान
पाँच वर्ष भयो बाबु स्कुलमा भरना
सक्दैन मेरो बाबु दुख गरन ।
कलेजमा पढ्दा पहिला के थियो कबुल
अहिले किन गरेको धन सवाल ।
रक्सीको तालमा बाह्रपना पढाउने
के गरेर भविष्य उज्ज्वल बनाउने ।

यसरी लाइन, कबुल, सवाल, रक्सी, र स्कुल आदि आगन्तुक शब्दबाट तिजगीत बनेको हो ।

**ङ) अनुकरणात्मक शब्द** : अनुकरण भनेको नक्कल वा सिको गर्नु हो । अनुकरणात्मक शब्दले भने जस्ताको तस्तै शब्दावलीद्वारा प्रस्तुत गर्दछ । यस गाविसमा प्रचलित अनुकरणात्मक तिजगीतको उदाहरण :

उडी आयो पिलेन कहाँ हो त्यसको गिरान
जन्माई हुर्काई गर्ने बा आमा भए बिराना
एकदिन ढिला भयो बिहान उठन
रननन कोठा थर्क्यो बज्यै बोल्दा
भात मीठो हुने रैछ अमिलेको तामाले
खप्टाई खप्टाई गाग्रीमा पानी बोक भन्छिन आमाले
काम मैले गरिन माइतीको घरमा
खलखल पसिना एकैछिन बसिन
झमक्क साँझ नपरी भित्र पसिन

यसरी खललल, रनन रनन, खप्टाई खप्टाई आदि अनुकरणात्मक शब्दहरूबाट तिजगीत बनेका छन्. ।

**च) लोप र आगमन** :

भाषा लेख्य र कथ्य गरी दुई रूपका हुन्छन् । गीत कथ्य साहित्य हो । यसमा कथ्य भाषाको प्रयोग हुन्छ । कथ्य भाषामा अक्षर लोप र आगमनको अवस्था सिर्जना हुन्छ ।

**लोप** :

अक्षर लोपको अवस्था प्रायः क्रियापदमा हुन्छ। जस्तै गको छ, खाको छ, रछ, रेनछ, भछ, आदि । सर्वनाममा पनि अक्षर लोप हुने गर्दछ । जस्तै हाम्लाई, कल्लाई, उल्लाई, आदि यस गाविसमा पनि यस्ता शब्दको प्रयोग भएको तिजगीत गाइन्छ । त्यसको उदाहरण हेरौंः

धन आयो दौलत आयो महलैमा आको छ ।
जनताको छातीभित्र पैरो गाको छ
घाम लागे पनि देशले अझै मुक्ति पा छैन
नेपाली जनताको नयाँ तीज अझै आ छैन
काटी खाने आँप त फोरी खाने ओखर
सधैं हामीले सुन्नु पर्छ तेरो के छ र ?

**आगमन**ः गीतमा कुनै अक्षरको आगमन हुन्छ । त्यो अक्षर लय मिलाउनका लागि मात्र आएको हुन्छ । त्यसलाई हटाउँदा पनि अर्थमा फरक पर्दैन । जस्तैः

हामरा बाबाको चार बैनी छोरीमा
सबै भन्दा अभागी मैरै करिम
बाब ज्यूको चार तले महल
म छोरीलाइ पऱ्यो छाप्रो घर

यसरी हामरा, करिम, बाबा ज्यूको, महल आदि शब्दहरूमा अक्षर आगमन भएर तिजगीत बनेका छन् ।

**छ) निपात :**

स्वतन्त्र रूपमा आफ्नो् अर्थ नभई वाक्यात्मक शैलीलाई मिठासपूर्ण र प्रष्ट बनाउनका लागि प्रयोग हुने शब्दहरूलाई निपात भनिन्छ । निपातको प्रयोग तिजगीतमा प्रशस्त पाइन्छ । जस्तै :

को भनेर आएको कसको माया मानेको
कसले गरि दिया छ र बसी खाएको
हजुर लिन गएर त हो नी हामी आएको
अझै देख्नु हुन्छ बसी खाएको?
फेरि मुख लाग्न थाली अघि अघि सरेर
अर्को विवाह गरिदिन्छु खालिस गरेर
अब यस्ता धाकले केही पनि गर्दैन
डराउली नि बुहारी त भन्नु पर्दैन

यसरी र, नि, पनि, त आदि निपातबाट मिठासपूर्ण भएर तिजगीत बनेको पाइन्छ ।

**५.१.६ अर्थका आधारमा :**

अर्थका आधारमा पनि तिजगीतलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ । ती यसप्रकार छन् ।

**क) अभिधा:**

वाक्यले दिने शाब्दिक अर्थ मात्र समेटेर प्रस्तुत गरिने तिजगीतलाई अभिधामूलक भनिन्छ ।

यसले एउटै मात्र  अर्थ प्रस्तुत गर्दछ । जस्तै :

तिजको दिनलाई भाइ आयो लिनलाई
पठाइनन् सासुले दूवै दिनलाई
छोरी आइन भनेर आमा होलिन हुरूक्क
पीर नमान्नु दशैं तिहार आम्ला लुरूक्क

**ख) लक्षणा** :

जुन तिजगीतका अर्थले अभिधाको शाब्दिक अर्थलाई छोडेर दुई भन्दा बढी विशिष्ट अर्थमा

प्रस्तुत हुन सक्छन् त्यस्ता खाले तिजगीतलाई लक्षणामूलक तिजगीत भनिन्छ। जस्तै :

वल्लो खोल्सी पल्लो खोल्सी
खर्सेलाको खर्सो पात
सुन्नुहोला बुबा आमा मेरो पार्सिवात
अहिले हाम्रो नेपालमा नयाँ चलन आको छ।
महाजनकी छोरी मास्टरनी ठूली नामकी छ।
मास्टरनीको हातमा सिको घडी असल
अर्काको छोराले काट्यो कसल।

**ग) व्यञ्जना** :

अभिधाले दिने सोझो अर्थ वाक्यार्थ भन्दा फरक वा भिन्न र व्यञ्जनाले अझ छुट्टै अर्थ दिने

तिजगीतलाई व्यञ्जनामूलक तिजगीत भनिन्छ। जस्तै :

असली त असली हाम्रो सासू असली
दुई मुठी कनिका ट्यास्स बसाली
भित्र बाहिर नन्द देवर बिरालाको छाउरा झैँ
खाने दाउन त्यै हो आमै सुकैँ दाउरा झैँ
यो घरको सम्पत्ति नलाई नखाई सकियो
वादल पाते लहराले कम्मर कसियो
बाँकी रहेको सम्पत्ति मैले होला कजाउने
कहिले होला बज्यैलाई शङ्ख बजाउने।

**५.१.७ छन्द वा लयविधानका आधारमा**

छन्द वा लयविधानको आधारमा गेयात्मक काव्यको महत्वपूर्ण अङ्ग हो। छन्दको काम लयलाई नियमवद्ध गराउनु हो भने लय चाहिँ अन्तर हृदयबाट उच्छलन भएका भावनाहरूको

गीति-प्रवाह हो । तिजगीतमा लय भन्नाले भाका भन्ने बुझिन्छ । तिजगीतका रचयिता अशिक्षित पनि हुन सक्छन् । कुनै शास्त्रीय नियमका ज्ञाता पनि हुँदैनन् । तिजगीत छन्द, शास्त्रको कुनै गण, मात्रा, लघु, गुरू, विराम, आदि नियमको सीमाभित्र नरही गाउँदा र भन्दा मिल्ने अक्षर वा मात्राको आधारमा बनेको हुन्छ । तिजगीत गेयात्मक भएकाले लय यसको अनिवार्य पक्ष हो । यसमा एउटै गीतलाई विभिन्न लयमा गाउन सकिन्छ । विशेष अवस्थामा तन्काएर र बढाएर पनि गाउने गरिन्छ । यहाँ पाइने तिजगीतहरू विभिन्न रूप, लय र भाकाका छन्। भाका मिलाउन श्रुतिमाधुर्य थप्न र राग ढाल्नका लागि गायकले स्वेच्छाले अक्षरहरू थप्न घटाउन, थेगो, टुक्काहरूको प्रसङ्ग जोड्न पनि सक्छ । तिजगीतमा तीन किसिमको लय देखिन्छ ।

**क) द्रुतलयः**

यसमा गीत छिटो छिटो गाइन्छ । यस्ता तिजगीतमा ताल, भाका, लय, टुक्का उठाउँदा पनि अति चाँडै गीत छोट्याउने प्रयास हुन्छ । यसलाई ठाडो भाका पनि भनिन्छ । जस्तै :

श्रीफूल हो मेरो
टलटल टलकनलाई
जोवन हो मेरो ढलढल
ढलकनलाई

**ख) मन्दलयः**

मन्दलयमा न ढिलो न चाँडो ठिक्क मध्यम किसिमले गाउने गरिन्छ । द्रुतलय भन्दा ढिलो र चाँडो गाइने गीतको लय नै मन्दलय हो । तिजगीतमा यही लयको प्रयोग हुने हुँदा यो अत्यन्त प्रचलित र लोकप्रिय लयका रूपमा रहेको छ । जस्तै :

दोलखाको मन्दिरैमा सुनको गजुर
छोरीको दुःख वेदना सुन्नुस् हजुर
पढ्न जानु पर्छ भन्छौ छोरा आफ्ना घरकालाई
छोरी पढे भन्छौ चिठी लेख्ने अर्कालाई

ग) विलम्वित लय :

यो लयमा गीतको बिसाउनी लामो बन्न जान्छ ,तर गीत भने छोटो हुन्छ । गायन पक्षले आफ्नो स्वर दबाएर गीतलाई लम्ब्याउने गर्दछन् । चर्को स्वरबाट मन्दस्वरमा झर्दै गीतलाई लम्ब्याउने लय नै विलम्बित लय हो । जस्तैः

सुरिलो रूखको बाङ्खुरे हाँगो बरिलै चरीले टेकेको
बाबाले हैन आमाले हैन बरिलै भावीले लेखेको

### ५.१.८ कालक्रमका आधारमा

तिजगीतलाई कालक्रमको आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । यसमा परिस्थितिको परिवर्तनसँगै लोकसाहित्यमा पनि परिवर्तन पाइन्छ । सामाजिक,आर्थिक, शैक्षिक र राजनैतिक आधारमा तिजगीतको विषयवस्तुमा ठूलो भिन्नता आएको छ । खासगरी तिजगीतलाई २०४६ अघि र पछिको समयलाई लिन सकिन्छ ।

अ) २०४६ अगाडिका गीतहरू

२०४६ अगाडि महिलाहरू धर्मशास्त्रको नियम अनुसार चल्नुपर्दथ्यो । महिलाहरूमा कुनै प्रकारको हक-अधिकार थिएन । शिक्षाको उज्यालो घामबाट सम्पूर्ण चेलीबेटीहरू बञ्चित थिए । छोरीलाई अरूको घर जाने जात भनेर अवहेलना भएर बस्नुपर्ने बाध्यता र परिस्थितिमा बस्नुपर्दथ्यो । छोरालाई मात्र परिवारको सदस्यको रूपमा हेरिन्थ्यो । जसका छोरा उसका धन जसका भैँसी उसका वन भन्ने उखान प्रचलित थियो । त्यसैले छोरी चेली पीडित अवस्थामा रहेको पाइन्छ । छोरीलाई ९-१० वर्षको उमेरमा विवाह गरेर पठायो भने गाल टर्ने र धर्म हुने रूढि अन्ध परम्परामा बस्नुपर्ने र आफ्नो कर्म अनुसारको व्यवहार चलाउँदै जानु पर्दथ्यो । घरमा गएर सासू ससुरा र लोग्नेको अधीनमा दिन बिताउनु पर्ने अर्काको घरमा गएपछि डर बोकेर के हुने हो के भन्ने हुन्, नन्द आमाजूलाई  सासू, ससुरा, देवर, जेठाजूलाई मान्नुपर्ने त्यसबाट आफूले हरेक कुरा अपजस र जस भोग्नुपर्ने वाध्यतामा जीपनयापन गर्नुपर्दथ्यो। बिहान राति नै देखि उठेर घर धन्दा गर्नुपर्ने, गाइगोठदेखि लिएर चूलो चौकासम्म भ्याएर सबै भन्दा पछि रहेको खाना जति छ त्यति आधा पेट खाएर घरधन्दा सकेर फेरि मेलापात घाँस दाउरा गर्नुपर्ने स्थिति थियो । नपढेकी छोरीलाई पढेका केटासँग विवाह गरिदिने प्रवृत्तिले

केटाले मन नपराएर यातना दिने, सौता हाल्ने प्रवृत्ति, दाइजो नपुगेर दिइने मानसिक पीडा आदि जस्ता पीडामा पिल्सिएर जीवन भोग्नुपर्दथ्यो । लोग्नेले स्वास्नी मन नपरे सौता हाल्ने, लोग्नेले स्वास्नी मरेपछि अर्को विवाह गर्न हुने, स्वास्नीले चाहिँ लोग्ने मरेपछि अर्को विवाह गर्न नहुने, लोग्ने मरेपछि एक्लै बाँच्नुपर्ने , चुरा पोते, सिन्दुर टीका फालेर सेतो कपडा लगाएर बस्नुपर्ने, किरिया गर्नुपर्ने तर लोग्नेले चाहिँ स्वास्नी मर्नासाथ अर्की स्वास्नी खोजेर घरमा भित्रयाउने प्रचलन, लोग्ने जाँड रक्सी, जुवा तास रण्डीवाजी गर्दै हिँड्थे । तर स्वास्नीले चूलो चौको मेला पात ढिकी जाँतो गर्नुपर्ने वाध्यता थियो ।

महिलाहरूलाई पुरूषको भोगविलास गर्ने साधनको रूपमा हेर्ने चलन थियो । महिलाहरूलाई कठपुतली बनाएर राख्ने, सम्पत्तिमा कुनै प्रकारको उत्तरदायित्व नहुने, स्वतन्त्रतापूर्वक खान लाउन हिँड्न्, डुल्न नपाउने, पुरूषको वशमा बस्नु पर्ने,सन्तानोत्पादन गर्ने साधनको रूपमा नारीलाई हेर्ने चलन थियो । यसरी धार्मिक आड भरोसाका कारणले नारीहरू नै पीडित भएका छन् । यस्तै जीवन बिताउन वाध्य नाम्दु गाविसका महिलाहरूले पनि आफ्नो पीडा, व्यथा, वेदना तिजगीतको माध्यमबाट यसरी पोखेका छन् ।

आओ दिदी बहिनी हो कुरा गरौँ धेरै छ ।
जति काम गरे पनि हाम्लाई बेरै छ
घरको काम सकेर बाहिर काममा जानु छ
घरको सबै जना भन्दा पछि खानु छ ।
घरको धन्दा हाम्रै पेवा मेलापात हामीलाई
खान लाउन पछाडि पार्छन बरिलै
त्यति मात्र हो अझ ठूलो घर छानेर
जबरजस्ती पठाइदिन्छन हातमा तानेर
कुटे पनि सहनै पर्ने लुछे पनि नरुने
जस्तै गाली गरे पनि बोल्नै नहुने
यस्तो हेला भएर बस्नुपर्ने गएर
अर्काको घरमा दासी भएर
सासू बस्ने घरैमा हात बाँधेर
हामीले सधैँ हिड्नु पर्ने काम गरेर

बिरामी भई मर्न लाग्दा पनि मतलब नगर्ने
केही नखाई लड्दा पनि सुँड पसार्ने
सासू बस्ने मालीक्नि भई हात बाँधी
हामी भने सधैँ भरि घाँस काट्ने
सासू खाने घरमा बसी मीठो पकाएर
हामी भने खान नपाउने खोले बनाएर
सधैँ हामीले गर्नु पर्ने ढिकी र जाँतो
खानलाई दिए पनि खोले र फाँडो

**आ) २०४६ पछिका गीतहरू**

२००७ साल भन्दा  अगाडि महिलाहरू शिक्षाको उज्यालो घामबाट वञ्चित थिए । नारी शिक्षाको विकासदेखि नारीहरूमा स्वतन्त्रता र समानताको लक्षण देखापर्न थाल्यो । कसैले त घरबाट नै शिक्षा लिन थाले । २००७ साल भन्दा पछि नारीहरूले पनि पढ्नुपर्छ, छोरा सरह अघि बढ्नुपर्छ भनेर छोरीहरूलाई पढ्न पठाउन थाले भने कसैले चाहिँ पढ्नु हुँदैन भनेर विद्रोह गर्नेको जमात पनि ठुलै रह्यो । संख्यात्मक रूपमा शिक्षित नारीहरू कमै थिए । नयाँ शिक्षा पद्धति योजना लागु भए पछि छोरी पनि छोरा सरह अघि बढ्नुपर्छ भनेर छोरीहरूलाई पढ्न पठाउन थाले भने कसैले चाहिँ पढ्नु हुँदैन भनेर विद्रोह गर्नेको जमात पनि ठुलै रह्यो । संख्यात्मक रूपमा शिक्षित नारीहरू कमै थिए । नयाँ शिक्षा पद्धति योजना लागु भएपछि छोरीले पनि छोरा सरह पढनु पर्छ भन्ने वातावरणको सृजना हुँदै गयो । त्यसपछि नारीहरू पनि शिक्षित हुँदै गए । समाजमा परिवर्तन हुँदै आयो । अबका नारीहरूले पहिलाको जस्तो नन्द, आमाजू र सासूको बुहार्तन भोग्नु नपर्ने हुँदै गयो । यसरी कहिले सासूको पालो र कहिले बुहारीको पालो भने झैँ तिजगीतमा आफ्ना भावना यसरी घन्कन थाले ।

पानी लिन जाउ बज्यै रित्तो गाग्रो बोकेर
हामी सुत्छौँ निन्द्रा पुऱ्याई चुकुल ठोकेर
घाँस काट्न जाउ बज्यै लाहुरी भैँसी करायो
बुहारीले दैलो पोत्ने चलन हरायो ।

२०४६ सालको जनआन्दोलन पछि त झन नारीहरू आर्थिक, सामाजिक, शैक्षिक र राजनैतिक रूपमा पनि सक्रिय देखिन थाले । महिला विकास संस्थाहरू खोलेर आयआर्जन गर्न

पनि थाले । यसरी आर्थिक स्थिति सुधार गरेर आत्म निर्भर बन्न थाले । संघ संस्थामा पनि सशक्त हुन थाले । विस्तार विस्तार राजनैतिक क्षेत्रमा पनि सहभागी हुँदै जान थाले । यसरी नै समाजमा रहेको विकृति र विसंगतिलाई गीतको माध्यमबाट नारी जागरणका स्वरहरू घन्कन थाले ।

तिजको बेलामा अदालत गएर
शोषित पीडित दिदी बहिनी जम्मा भएर
जागौँ दिदी बहिनी हो आँशु हाम्ले पिएर
स्वाभिमानी बनौँ हामी मेहेनत गरेर
बालविवाह, बहुविवाह अझै पनि छँदैछ
देह बेच्ने चलनले ज्यान लिँदैछ ।
नफसे है चेली तिमी शोषकको जालोमा
देशमुक्त पारे छोरी तिम्रो पालोमा
खोज्नुपर्छ न्याय निसाफ समाजमा उत्रेर
कति बस्ने सधैँ घरमा दुःख सहेर
काटी खाने आँप त फोरी खाने ओखर
सधैँ हाम्लाई सुन्नु पर्छ तेरो के छर
जति हक हजुरको त्यति हक हाम्रो छ ।
तिम्रो जति अधिकार हाम्रो पनि छ ।
उठ बज्यै उज्यालो भइसक्यो ।
हामीलाई चिया खानलाई ढिला भइ सक्यो ।
हामी जान्छौँ क्याम्पस पढ्नलाई
तिमी उठ घर धन्दा गर्नलाई
छिटो उठ बज्यै लैनो भैँसी करायो
बुहारीले दुःख गर्ने चलन हरायो ।
क्याम्पस गइ आएर अफिस जानु पर्छ ।
खाना बनाइ राख बज्यै खाएर जानु पर्छ ।
बेलुका आउँछु अफिस गएर

गर्नु सबै काम दिन भरि भ्याएर
नारी पनि जुरूक्कै अब नउठी भएन
बस्दैनौँ अब हामी हेला सहेर

## ५.२ पञ्चमीका दिन गाइने गीतहरू

भाद्र शुक्ल तृतीयादेखि पञ्चमीसम्मलाई तिज भनिए पनि तिज र पञ्चमीबारे लोक मानसमा भिन्न भिन्न धारण रहेको छ । तिज पर्वमा खास गरी विवाहित नारी र अविवाहित नारीले व्रत बस्दछन् । विवाहित नारीले आफ्नो पतिको दीर्घायुको कामना गर्दै र अविवाहित नारीहरूले योग्य वर प्राप्त हुने विश्वासका साथ व्रत बस्ने गर्दछन् । ऋषि पञ्चमीमा चाहिँ महिलाहरूले आफ्नो रजोधर्म हुँदा भएका छुवाछुतबाट भएका पाप कर्महरूको कटानी गर्नका लागि सप्तऋषिहरूको पूजा आराधना गर्दछन् । ३६५ दिनमा दैनिक सूचीकार्य गर्न छुटपुट भएकोलाई सम्झना गर्दै भाद्र शुक्ल पञ्चमीका दिन महिलाहरू यो ब्रत बस्दछन् । पञ्चमीका दिन चोखो बोटबिरूवाको रूपमा चिनिने दतिवनका काँडा तथा काण्डले शरीर पवित्र पार्ने गर्दछन् । पञ्चमीका दिन विहान नजिकको नदी तटमा गई ३६५वटा दतिवनको पात र डाँठ, जौ, तिल, कुश, पारिजात, अमला, र तुलसीको फेदको माटो, हलोको टुँडो, हात्तीको पाइला, गोरूको सिङ लगायत थुप्रै पवित्र वनस्पति लिएर गएर विभिन्न नियम र प्रक्रिया पुऱ्याएर नुहाएर महिनावारी हुँदा गरिएका सम्पूर्ण पाप कर्म नास होस् भनी ऋषि वा सप्तऋषिको पूजा अर्चना गरिन्छ । स्नान गरिसकेपछि घर फर्कदा बाटामा ३६५ प्रकारका फूलहरू, ३६५बत्ती, चामल, ३६५ प्रकारका नैवेद्य, धुपदिप आदि पूजा सामाग्री जम्मा गर्दछन् र सबै नारीहरू केश नबाँधि हात जोडेर सप्तऋषिको प्रार्थना गर्दछन् । यसरी नाम्दु गाविसका महिलाहरू पनि तामाकोसी नदीमा नुहाई सप्तऋषिको प्रार्थना निम्न प्रकारले गर्दछन् ।

कहाँ जान आयौ तिमी रानी चरी बगाल
कालिञ्चोकी भगवतीलाई भेट्न आएको है
भगवानलाई भेट्न हामी जान्छौँ है
के के चाहिन्छ सोभित है
पहिलामा चाहिन्छ श्रीखण्ड चन्दन
दोसरी चाहिन्छ कुशै आसन

भगवानलाई राम्रो लाग्छ बेलपत्रको फूल
भगवानलाई राम्रो लाग्छ धूपै वासना
माइतीमा उज्यालो बाबा आमाले
दोलखाको खेतै उज्यालो पहेँलै धानले
कालिञ्चोक माथिबाट झरेकी पङ्खी बेग हानेकी
कौ जान दौडेकी तामाकोसी माई
घुमीफिरी आयो वर्ष दिनको पञ्चमी
गोपिनी नुहाइ झरेकी होई
कुन बेला जाउली कुन बेला आउली
कुन बेला गरौली ऋषि देवको ध्यान
उदाउँदा जाउँला अस्ताए आउँला
मध्यान्ह गरौँला ऋषि देवको ध्यान
फुकै केस जुम्लै हात त्यसैमा ठूलो हाम्रो वरती है
आजको दिनभरि ठूलो हाम्रो वरती है
लेउन बाबा लेउन बाबा बरतीको दियो है
वारीको दियो चेलीको सातै भाइको साक्षी है
लैजाउ चेली लैजाउ चेली सुवर्णको दियो है
मध्यरात बाह्र बजे किस्न जन्म हुनुभो,
सबै जना खुशीले हर्षित हुनुभो ।
कंश राक्षस निदायो त्यति बेलामा,
सबै जना खुशीले नाचे मेलामा
वर्ष दिनको तिज घुमिफिरी आयो,
जमुना नुहाउन झरे बरिलै
काँधको सारी छेउमै राखी, जमुना नुहाउन झरिन् बरिलै
जमुना नुहाइ तिरमा आउँदा राखेको सारी छैन बरिलै
सोह्र सय गोपीनीको सारी हरियो,
किस्नजीको दर्शन नपाई यसै मरियो ।

भलले लग्यो भनौँ भने पानी आको छैन,
मनुष्यले लग्यो भनौँ भने कोही छैन ।
सोह्र सय गोपिनीमा राधिका बाठी, कदमका बोटतिर हेरिन्
कदमको बोटमा मुरली ओठमा, कृष्णले मुरली बजाए बरिलै
ए किस्न जाली ल्याऊ मेरो सारी केकेमा हुर्मत लिन्छौ है ?
फूलमाला तोरन जुम्लैहात जोड्न तबमा दिम्ला सारिया ।

यसरी हिन्दु नारीहरूले महान चाड तिजमा तिजको अघिल्लो दिन मिष्ठान्न भोजन खाई आधा रातमा उठेर पनि दर खाने चलन छ । त्यसको भोलिपल्ट विवाहित महिलाहरूले आफ्नो पतिको दीर्घायुको कामना गर्दै दाम्पत्य पारिवारिक जीवनमा सुख शान्ति छाउने मूल उद्देश्यले यो पर्व मनाउने गरेको पाइन्छ । यसरी विभिन्न किसिमको मनमा रहेको गथासो तिजका गीतका माध्यमले अभिव्यक्त गर्ने, नाच्ने गाउने, रमाउने प्रचलन रहँदै आएको पाइन्छ ।

यसै अर्को हरितालिकासँग जोडिएको पञ्चमी पर्व नेपाली महिलाहरूले महिनावारीको समयमा जानी नजानी पापलाई कटान गरी आफू पवित्र पुण्यवान बन्न सकुँ भनी नजिकैको खोला नदीमा गई विभिन्न खालको पापबाट आफू मुक्त हुन सकिने खालको सरसमान लगेर प्रत्येक चिज टाउकोदेखि शरीरको विभिन्न भागमा ३६५ पटक लगाइन्छ र पुःन ३६५ पटक पानीले पखालिन्छ । त्यसपछि आफू पुण्यवान बन्न सकुँ भनी भगवान सप्तऋषिसँग प्रार्थना स्वरूप ३६५ पटक घुमेर त्यहाँ अर्पेको फूल नैवेद्य नजिकैको खोला, नदी वा बालुवामा सेलाउँछन् । त्यस रात जाग्राम बसी गीत गाई आफन्तलाई प्रसाद बाँडिन्छ । भोलिपल्ट दैनिक नित्यकर्म सकेर रजस्वला नभएका कन्या केटीलाई पूर्ण पात्र सहित दान दक्षिणा गरी ब्रत पूर्ण भएको मान्दछन् र हलोले नजोतेको ठाउँमा उत्पादन भएको खाना खाइ यो पर्वलाई वर्ष दिन सम्मको लागि विसर्जन गर्दछन् ।

यसरी हिन्दु समाजमा तिजपर्व र पञ्चमीपर्व मनाउने साँस्कृतिक र धार्मिक परम्परा वैदिक, लौकिक समयदेखि हालको उत्तरआधुनिक समयमा पनि आवश्यकताका साथ मनाउँदै आएको पाइन्छ ।

## परिच्छेद-छ

### उपसंहार

तिजपर्व नेपाली हिन्दुधर्मावलम्बी महिलाहरूको महान पर्व हो । नेपाल अधिराज्यभरका महिलाहरूले झैं नाम्दु गाविसका महिलाहरूले पनि हर्ष उल्लासका साथ यो पर्व मनाउँछन् । महिला दिदी बहिनीहरूले भोगेका वास्तविक विषयवस्तु नै यहाँका तिजगीतका विषयवस्तु हुन् । तिजगीतले सामाजिक जीवनको चित्रण गरेको पाइन्छ । समाजमा विद्यमान कृषि पेशा, एक आपसमा देखिने माया ममता संयोग, वियोग, बालबालिका प्रतिको चासो, गरिबी, अशिक्षित समाज, रुढीवादी परम्परागत अशिक्षित समाजको चित्रण गरेको विषयवस्तु प्रस्तुत गरिएको हुन्छ । सामाजिक जनजीवनमा मनाउने तिज, धार्मिक क्रियाकलाप, गरगहना, श्रृंगारपटार, जुत्ता चप्पल, लत्ताकपडा र खानपिन जस्ता चित्रण तिजगीतमा हुन्छ । त्यसबाट के प्रष्ट हुन्छ भने यहाँको प्राचीन संस्कृतिदेखि आधुनिक संस्कृतिसम्मको चित्रण गरेको पाइन्छ । जीवन निर्वाह गर्नको लागि अर्थ आवश्यक भएकोले यहाँको तिजगीतमा पनि आर्थिक पक्षलाई व्यक्त गरिएको छ । गरिबीको कारणले अशिक्षित वा शिक्षाको उज्यालो घामबाट वञ्चित हुन पुगेका, स्वाथ्योपचार गर्न नसकेर अन्तिम अवस्थामा पुगेर निराशापूर्ण व्यक्तिको जीवनको चित्रण गरिएको छ भने धनी वर्गप्रतिको आक्रोश यहाँको तिजगीतमा पाइन्छ । नारीलाई पुरूषले अन्याय, घरमा सासूले बुहारीलाई गर्ने व्यवहार, नारीप्रतिको भेदभाव, अशिक्षा आदि, नारी जीवनसँग सम्बन्धित विषयवस्तुको चित्रण यहाँको तिजगीतमा भएको छ । नारी जीवनमा आफ्नो आँखाले देखेको र भोगेको प्रकृतिसँग सम्बन्धित कुरालाई यहाँको तिजगीतमा समावेश गरेको पाइन्छ । प्रकृति चित्रण पनि गरेको पाइन्छ । जस्तैः वसन्त ऋतुको हरियालीदेखि लिएर वर्षायाममा हुने झरी, वादल, वर्षा, असिना, बाढी पहिरोको वर्णन, वसन्त ऋतुमा हुने हरियाली, चराको चिरबीर, कलिला मुनामा रमाउन पाएका पशुको चिच्याहाट तिजका गीतमा पाइन्छ । भावी कर्म भाग्य, साइत, सकुन अपसकुन र सपनाको प्रसङ्गजस्ता परम्परादेखि चल्दै आएको लोक विश्वासका विविध सन्दर्भलाई पनि तिजगीतमा उतारिएको पाइन्छ ।

तिजगीतका भाका सबै ठाउँमा एउटै नभएर ठाउँअनुसार फरक हुन्छन् एक ठाउँमा गाइने तिजगीतको भाकाले अर्को ठाउँमा गाइने तिजगीतको भाकालाई प्रभाव पारेको पाइन्छ । एक गाविसको भाकाले अर्को गाविसलाई र एक जिल्लाको भाकाले अर्को जिल्लाको

भाकालाई प्रभाव पारेको पाइन्छ । त्यहाँका त्यस्ता भाकाका तिजगीत पनि यस गाविसमा प्रचलित छ । तिजगीतमा झ्याउरे लयका तिजगीत पनि गाइन्छ । जस्तै :

चल्छ हुरी भाँचिन्छ  हाँगो

फाल्छ गुँड पार दिन्छ उदाङ्गो

यसरी झ्याउरे गीतलाई तिजको गीतको लयमा ढालेर गाउनु यहाँको आफ्नै छुट्टै विशेषता छ । तिजको गीत खासगरी ब्राहम्ण क्षत्रीले मात्रै गाउने गर्थे भने अहिले आएर सम्पूर्ण जातिका महिलाहरूले गाउने प्रचलन छ । तिजपर्वको तृतीया र पञ्चमीको दिन ब्रत बस्ने महिलाहरू चाहिँ ब्राहम्ण र क्षत्री नै बढी हुन्छन् । अन्य जातिका महिलाहरूले पनि तिजगीतमा रमाउने, नाच्ने गरे तापनि कमै मात्रामा पाइन्छन् । तिजका दिनमा नजिकैको मठ मन्दिरमा जाने र पञ्चमीको दिन नदीको किनारसम्म गाउँदै नाच्दै भगवान्को आराधना गर्ने अधिकांश महिला नै हुन्छन् । दोलखा जिल्लामा अवस्थित नाम्दु गाविसमा तामाङ ब्राहम्ण क्षत्री नै बढी बस्ने भएकोले तामाङ्ग जाति त्यति सक्रिय नभए पनि ब्राहम्ण र क्षत्री जातिका महिलाहरूले सक्रियताका साथ यो पर्व मनाउने गर्दछन् । यस ठाउँमा तामाङ्ग जातिले यो पर्वलाई महत्त्व नदिइ निष्क्रिय रहन्छन्,  तर ब्राहम्ण र क्षत्री जातिका महिलाहरूले दर खाने दिन टाढा टाढाबाट आएका दिदी बहिनी जम्मा भएर बेलुका दर खाने र रमाउने गर्दछन् भने राती बाह्र बजे उठेर मिष्ठान्न भोजन बनाइ खाएर सुत्ने र भोलिपल्ट बिहान उठेर नुहाई ब्रत बसी आ-आफ्नो गच्छे अनुसार लुगा गहना र शृंगार पटारले सजिएर मन्दिरमा गई नाच्ने गाउने गर्दछन् । यसरी तिजगीतको माध्यमबाट नारी वेथा वेदना पोख्ने गर्दछन् । यसरी सबै महिलाहरूले भेला भएर सक्रियताका साथ संलग्न हुनु यस गाविसको छुट्टै विशेषता हो ।

संरचनाका आधारमा यहाँका तिजगीतमा एक पाउमा दुई-तीन अक्षरदेखि २०-२२ अक्षरसम्म रहेको छ । अनुच्छेद अधिकांश तिजगीतमा दुई र चार गीत पंक्तिबाट निर्माण भए तापनि कुनैमा तीन पाँच र त्योभन्दा बढी पंक्तिको अनुच्छेद बनेको पाइन्छ ।

तिजगीतमा जाति र सांस्कृतिक परम्परालाई जीवन्त राख्नुपर्ने, आफ्नो देशप्रतिको भावना जागरूक राख्नुपर्ने आ-आफ्नो देशको कला संस्कृति, रीतिरिवाज परम्पराको संरक्षण, सम्वर्द्धन गर्नुपर्ने तथा गर्न सधैं उत्सुकताका साथ जागरूक हुनुपर्ने जस्ता सन्देशको प्रवाह रहेको हुन्छ । त्यस्तै भाका थेगो र पुनरावृत्ति चरण वा पंक्ति रचना पनि आएका छन् ।

तिजगीतमा मौलिक विधा भएकाले काव्यात्मकता पाइन्छ । यसमा कुनै शास्त्रीय नियम पाइँदैन । तिज गीतमा रस, अलङ्कार विम्ब, प्रतीक र लयमा चमत्कारपूर्ण भाषा शैलीको प्रयोग भएको पाइन्छ । तिज गीतको श्रवणबाट रसानुभूति प्राप्त हुन्छ । श्रोताको मनलाई आनन्दित बनाउने, रोदन, हाँसो, क्रोध, उत्साहित र शोकाकूल गराउन सक्ने शक्ति तिज गीतमा रहेको छ । यसमा शिष्ट साहित्य सचेत रूपमा अलङ्कारको प्रयोग भएको पाइन्छ भने गीतमा प्रयोग भएका विम्ब र प्रतीक लोक गायकसँग रहेको हुन्छ जसले आफ्नै सुःख दुःखको अभिव्यक्ति दिएको हुन्छ । ती सहज तरिकाले आएका हुन्छन् ।

यहाँका तिज गीतमा आफ्नै किसिमको भाषिक स्वरूप देखिन्छ । आफ्नै राष्ट्रभाषा नेपालीका भाषिक वा उपभाषिकाको प्रयोग भएको पाइन्छ । लेख्य भन्दा कथ्य भाषाको प्रयोग बढी हुने र त्यसमा कतिपय शब्द कथ्य रूपमा प्रयोग भएको हुँदा अक्षर लोप हुने र फेरिने हुन्छ । अभिधा शब्द शक्तिको प्रयोग बढी भए पनि लक्षणा शक्ति र व्यञ्जना शक्तिको समेत प्रयोग भएको. देखिन्छ । तत्भव, तत्सम र अग्रेजी तथा हिन्दी आदि आगन्तुक शब्दको प्रयोग भएको छ । यसरी तिजपर्व नेपाली नारीहरूको महत्त्वपूर्ण पर्व हो र नेपाल अधिराज्यभरका महिलाहरूले भैंm नाम्दु गाविसका महिलाहरूले पनि यस पर्वलाई ठूलो उत्सवका रूपमा मनाउँछन् । यस गीतलाई भाद्रशुक्ल तृतीयादेखि गाउने भए तापनि यहाँका महिलाहरूले दुई दिन अघिदेखि नै गाउन शुरू गर्दछन् । अहिले रेडियो टिभीबाट समेत दुई दिन अघिदेखि नै प्रसारण गर्ने गरेको पाइन्छ र महिलाहरूले मात्र नभई पुरूषहरूले समेत तिजको गीत गाउन थालेको पाइन्छ । लोकसाहित्य परिवर्तनशील भएकाले प्रचलित गीतहरू पनि समय अनुसार परिवर्तन हुँदै गएको छ । अहिले तिज गीतमा बाजाहरूको समेत प्रयोग हुन थालेको छ । नेपालका अन्य भूभागका तिजगीत र नाम्दु गाविसका तिज गीतमा पाइने मुख्य भिन्नता के छ भने यहाँका झ्याउरे शैलीका गीत पनि तिज गीतका रूपमा गाएको पाइन्छ । यस गाउँका महिलाहरूले तिज पर्वलाई एउटा महत्वपूर्ण पर्वका रूपमा लिने र बडो उत्साह उमङ्ग हर्षोल्लासका साथ मनाउँदै आफ्ना मनका तिता मीठा भावनाहरूलाई कारूणिक र मार्मिक ढंगले अभिव्यक्त गर्दछन् ।

तिज गीतमा हर्ष, आँसु, दुःख सुख, उल्लास, उमङ्ग, वेदना आदि भावहरू समाविष्ट हुन्छन् । यो गीत खासगरी नारी वेदनाले युक्त गीत हो तापनि समयको गतिको आधारमा यो गतिशील बन्न पुगेको छ । सामाजिक वातावरण र सामाजिक चेतनासँग यसको भावमा पनि ठूलो

भिन्नता आएको छ । नारी जागरण नहुन्जेल नारी शिक्षा नहुन्जेल तिजे गीतमा नारीमा दुःख कष्ट व्यथा वेदनाहरू हुन्थे भने नारीहरूले शिक्षा र स्वतन्त्रता प्राप्त गरे पछिका गीतहरू सामाजिक राजनैतिक र आर्थिक स्थितिका गीतहरू छन् । यसरी समयको परिवर्तनसँगै तिज गीतहरूमा पनि परिवर्तन आएको छ र यो गतिशील छ ।

**सन्दर्भग्रन्थसूची**

आचार्य, कृष्णप्रसाद (२०६३), **पूर्वआधुनिक नेपाली साहित्य लोकसाहित्य र आधुनिक नेपाली निबन्ध,** काठमाडौंः क्षितिज प्रकाशन कीर्तिपुर ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौंः पाठ्यक्रम विकासकेन्द्र, त्रि.वि, कीर्तिपुर ।

पन्त,कालीभक्त (२०४३),**हाम्रो सांस्कृतिक इतिहास**,स्याङजा ।

पराजुली, कृष्णप्रसाद (२०५१), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन त्रिपुरेश्वर ।

पौड्याल, कृष्णविलास (२०५८), **साहित्यशास्त्र र नेपाली समालोचना,** भोटाहिटी, काठमाडौ : नवीन प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स, थापाथली ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३),**लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

श्रेष्ठ, तुलसीमान (२०४९), **गोर्खाली लोकसाहित्यको एक अध्ययन**, लघु अनुसन्धान ।